का.जि.प्र.का.द.नं. १००/०५९/६०
१७ पुस २०७९,
आइतबार
1 January 2023,
Sunday
मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २०, अंक ३१६ । पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com




प्रचण्डको प्रतिबद्धता

## भाषण कम, काम धेरै

*गठबन्धन बदलेर प्रधानमन्त्री बनेका नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले यो कार्यकालमा भाषण कम र काम धेरै गर्ने प्रतिबद्धता जनाएका छन् ।*

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, १६ पुस ।

गृह जिल्ला चितवन पुगेका प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले शनिबार संभवतः आफ्नो जीन्दगीकै छोटो सार्वजनिक भाषण गरेका छन् । चितवनस्थित नारायणी नमूना माध्यमिक विद्यालयको हिरक महोत्सव उद्घाटन गर्दै प्रधानमन्त्री प्रचण्डले करीब ८ मिनेट मात्रै भाषण गरेका छन् । कुनै कम्युनिष्ट प्रधानमन्त्रीले यति छोटो भाषण गर्नु लगभग अनपेक्षित हो । तर नेकपा माओवादी केन्द्रका अध्यक्ष एवम् प्रधानमन्त्री प्रचण्डले गरेको भाषण यति नै हो ।

छोटो मन्तव्यको अन्तर्य पनि प्रचण्डले खुलाएका छन् । प्रधानमन्त्री प्रचण्डका अनुसार, यो कार्यकालमा भाषण थोरै र काम धेरै गर्नेछन् । 'धेरै भाषण गर्ने मनस्थितिमा छैन । यो कार्यकालमा भाषण कम र जनताको सेवा धेरै गर्ने प्रतिज्ञा गरेको छु', प्रधानमन्त्री प्रचण्डले भनेका छन् ।

प्रधानमन्त्री प्रचण्डले बाँकी जीन्दगी



सुशासन र विकासको काममा समर्पित गर्ने पनि बताएका छन् । 'पहिलो मन्त्रिपरिषद्को बैठकबाटै मैले सुशासनको निर्णय शुरु गरेको छु । भ्रष्टाचार र बेथिति अन्त्य गर्नेतिर जोड दिनेछु', प्रधानमन्त्री प्रचण्डले भनेका छन् ।

प्रधानमन्त्री प्रचण्डले भनेजस्तै यसपटक सरकार बनेपछि धेरै भाषण गरेका छैनन् । यसको कारण प्रचण्डले सत्ता समीकरण बदल्नुलाई कतिपयले लिएका छन् । किनकि स्थानीय, प्रदेश र संघको चुनावमा माओवादी केन्द्रले नेपाली कांग्रेस नेतृत्वको गठबन्धनबाट भाग लिएको थियो । स्थानीय चुनावमा ठूला शहरहरुमा माओवादी केन्द्रले कांग्रेससँग साझेदारीमा उम्मेदवारी उठाएको थियो ।

प्रदेश र संघको चुनावमा पनि कांग्रेस नेतृत्वकै गठबन्धनमा भाग लिएको थियो । कांग्रेस नेतृत्वको गठबन्धनमा माओवादी केन्द्र, एकीकृत समाजवादी, लोकतान्त्रिक समाजवादी पार्टी र राष्ट्रिय जनमोर्चा थियो । तर सरकार बनाउँदा पनि एमाले नेतृत्वको गठबन्धन बनेको छ ।

एमाले नेतृत्वको गठबन्धनमा माओवादी केन्द्र, राष्ट्रिय स्वतन्त्र पार्टी, राष्ट्रिय प्रजातन्त्र पार्टी, जनता समाजवादी पार्टी, जनमत पार्टी र नागरिक उन्मुक्ति पार्टी सामेल छ । यो सात दलीय गठबन्धनको नेतृत्वमा प्रचण्ड प्रधानमन्त्री बनेका छन् ।

– बाँकी पृष्ठ २ मा

## निर्णयको पर्खाइ

*एकातिर समाजवादी केन्द्र बनाऔं भन्ने माओवादी केन्द्र, जसपा र नेसपाको प्रस्ताव छ अर्को तिर एमालेले वाम एकताको प्रयासलाई अगाडि बढाउन चाहेको छ । यो बेला एकीकृत समाजवादी कुन धारलाई समात्ने भन्नेमा प्रष्ट छैन् ।*



> मुलुकको बृहत्तर हितका लागि सबै प्रकारका छलफलका लागि हाम्रो पार्टीको ढोका खुला छ । अनेक प्रस्ताव आएका छन्, आउँछन् तर, एकीकृत समाजवादीले विवेकसम्मत निर्णय लिएर आगामी यात्रा तय गर्छ ।
>
> माधवकुमार नेपाल
> अध्यक्ष, एकीकृत समाजवादी

**शिवराज परियार/मध्यान्ह**
काठमाडौं, १६ पुस ।

गत शुक्रबार बिहानै जनता समाजवादी पार्टी (जसपा)का अध्यक्ष उपेन्द्र यादव नेकपा एकीकृत समाजवादीका सम्मानित नेता झलनाथ खनाललाई भेट्न उनकै निवास डल्लु पुगे । नेताहरुका अनुसार अध्यक्ष यादव नेता खनालसँग समाजवादी एकताको प्रस्ताव लिएर गएका थिए । चुनाव अगाडि नै एकीकृत समाजवादीसँग पार्टी एकताको विषयमा छलफल चलाएका अध्यक्ष यादवले चुनाव पछाडि पनि यो प्रयासलाई ठोस रुपमा अगाडि बढाउन चाहेका छन् । समाजवादी एकताको प्रस्ताव लिएर उनले एकीकृत समाजवादीका अध्यक्ष माधव कुमार नेपालसँग पटक/पटक छलफल गरिसके । माधव नेपालले नै यो विषयमा एक पटक झलनाथ खनालसँग संवाद गर्न भनेपछि शुक्रबार अध्यक्ष यादव डल्लु गएका हुन् ।

तर, अध्यक्ष माधव नेपालले जस्तै सम्मानित नेता खनालले पनि अध्यक्ष यादवलाई प्रष्ट जवाफ दिएनन् । बरु वाम एकतामा जोड दिए । एकीकृत समाजवादीमा जनता समाजवादीसँग एकता गर्ने विषयमा एकमत छैन् । खासगरी नेता खनालले समाजवादी एकता भन्दा बढ्ता वाम एकतामा जोड दिँदै आएका छन् । जसपामा पनि नेता अशोक राई लगायतका नेताहरु समाजवादी एकता भन्दा वाम एकताको पक्षमा देखिएका छन् ।

तर, वाम एकतामा आफ्नो राजनीतिक हैसियत नदेखेका जसपा अध्यक्ष यादवले समाजवादी एकतामै जोड दिइरहेका छन् । अध्यक्ष यादवले भने वाम एकताको प्रयास विगतमा असफल भएको तर्क गरिरहेका छन् ।

समाजवादी एकतामा स्वमं माओवादी तयार हुनुपर्ने जसपा नेताहरुको भनाइ छ । चुनाव अगाडि नै समाजवादी केन्द्र निर्माणको पैरवी माओवादीले गरेका कारण त्यसबाट अहिले पछाडि फर्किन नहुने जसपा नेताहरुको भनाइ छ । एमालेले सरकार निर्माणमा साझेदारी लिएर सहयोग गरेको स्मरण गर्दै साझेदारीकै हदसम्म त्यसलाई राखेर समाजवादी केन्द्र निर्माणका माओवादी तयार हुनुपर्ने उनीहरुको तर्क छ । तर, अहिले अध्यक्षज्युले माओवादीसहितको समाजवादी एकता भन्दा एकीकृत समाजवादी र जसपाबीच एकताको प्रयास गर्नुभएको हो' यादव निकट नेताको भनाइ छ ।

– बाँकी पृष्ठ २ मा

## मन्त्री छान्ने जिम्मा नेतृत्वलाई

*प्रधानमन्त्री प्रचण्डलाई समर्थन दिएपनि सरकारमा सहभागी नभएको जसपाले अन्तत सरकारमा जाने निर्णय लिएको छ । र मन्त्री छान्ने जिम्मा राजनीतिक समितिलाई दिइएको छ ।*



सरकार विस्तार २९ गते पछि नै हुने जस्तो सुन्नमा आएको छ ।
■ **मनिष सुमन**
**प्रवक्ता, जसपा**

**अस्मिता बम/मध्यान्ह**
काठमाडौं, १६ पुस ।

जनता समाजवादी पार्टी (जसपा) नेपाल सरकारमा जाने भएको छ । मन्त्रीहरूबारे निर्णय गर्ने जिम्मेवारी पार्टीको राजनीतिक समितिलाई दिइएको छ । शनिबार बालकुमारीस्थित केन्द्रीय कार्यालयमा बसेको पार्टीको केन्द्रीय कार्यकारिणी समितिको बैठकले सरकारमा सहभागी हुने मन्त्रीहरूबारे निर्णय गर्ने जिम्मेवारी सो समितिलाई दिएको हो ।

यही पुस १८ र १९ गते सो पार्टीले राजनीतिक समितिको बैठक बोलाएको छ । सोही बैठकले आवश्यक निर्णय गर्दै सरकारमा सहभागी हुने मन्त्रीहरू तय गरिने निर्णय केन्द्रीय कार्यकारिणी समिति बैठकले गरेको पार्टीका प्रवक्ता मनिष सुमनले जानकारी दिए ।

'सात दलीय संयन्त्रमा हामी सहभागी छौं । हाम्रै समर्थनले प्रधानमन्त्री चयन भइसक्नु भएको छ । यो सरकारलाई हाम्रो समर्थन छ' प्रवक्ता सुमनले भने ।

उनका अनुसार सरकारको न्यूनतम साझा कार्यक्रमको बारेमा पनि पार्टीले आफ्नो धारणा दिनेछ । यसअघि न्यूनतम साझा कार्यक्रम तय गर्नका लागि गठित संयन्त्रमा जसपाले आफ्नो प्रतिनिधि पठाएको थिए । यसकारण पनि जसपाको सरकारमा सहभागिताको विषयलाई लिएर

– बाँकी पृष्ठ २ मा

## नीति विपरीत दुधको मूल्यवृद्धि
### फिर्ता लिन सरकारको आग्रह

**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, १६ पुस ।

२०७८ माघमा सरकारले मन्त्रिपरिषद्को निर्णयबाट दुधको न्यूनतम समर्थन मूल्य तोकेको थियो । मूल्य तोकेको दुई वर्षपछि मात्र मूल्य परिमार्जन वा समायोजन गर्नुपर्ने नीति छ तर एक वर्ष नबित्दै डेरीवालाले मूल्य वृद्धि गरेका छन् ।

समर्थन मुल्य अनुसार यसअघि प्रति पोका ४८ रुपैयाँमा उपभोक्ताले दुध किन्न पाउँथे तर त्यसमा खुद्रा मूल्य दुई रुपियाँ वृद्धि गरी ५० रुपियाँ पुर्याएको छ । केही निजी डेरीहरूले शनिवारदेखि लागु हुने गरी लिटरमा १४ रुपियाँ वृद्धि गरेका हुन् । सरकारले गत वर्ष माघ १७ गतेदेखि देशभर लागू हुने गरी दुग्ध उत्पादन गर्ने किसानलाई प्रतिलिटर ५६ रूपैयाँ ४ पैसा समर्थन मूल्य तोकेको थियो । दुधमा सरकारले अनुदान समेत दिँदै आएको छ ।

मूल्य वृद्धि अनुसार अब उपभोक्ताले दुधको प्रति प्याकेट (आधा लिटर)लाई ५० रुपैयाँ तिर्नु पर्ने हुन्छ । राष्ट्रिय दुध विकास बोर्डका प्रमुख डा.राजेन्द्र यादवका अनुसार डेरी उद्योगीले गरेको मूल्य वृद्धि ऐन र नीति विपरीत हो । डेरी उद्योगीले गरेको यो मूल्य वृद्धि राष्ट्रिय दुग्ध विकास नीति २०७८ र राष्ट्रिय दुग्ध विकास ऐन विपरीत रहेको र यसप्रति गम्भीर ध्यानाकर्षण भएको उनी बताउँछन् । दुधको मूल्य वृद्धि गर्दा वा समायोजन गर्दा बोर्डसँग समन्वय गर्नुपर्ने तर त्यस्तो नगरी आफ्नै मनले मूल्य गरेको बताउँदै उनल यस विषयमा मन्त्रालयमा छलफल गरी कुनै आवश्यक निर्णय लिइने बताउँछन् । अर्थात, न्यूनतम समर्थन मूल्य तोकेको दुई वर्षपछि मात्र दुधको मूल्य परिमार्जन वा समायोजन गर्नुपर्ने नीति छ तर एक वर्ष नबित्दै डेरीवालाले मूल्य वृद्धि गरेका छन् ।

यसविरुद्ध कुनै एक्सन लिन नससकेको सरकारले निजी डेरीले उपभोक्तालाई मार पर्ने गरी गरेको दुधमा गरेको मूल्य वृद्धिप्रति आपत्ति जनाएको छ । सरकारसँग समन्वय नै नगरीकन उपभोक्तालाई असर पार्ने गरी दुधमा गरेको मूल्य फिर्ता लिन आग्रह गरेको छ ।

वैदेशिक रोजगार विशेष

## विदेशको प्रक्रियामा ठगिए युवा न्यायको प्रक्रिया उदासीन

**विनोद अधिकारी/मध्यान्ह**
चितवन, १६ पुस

समयमै न्याय र राहत दिनुपर्ने दायित्व भएका सरकारी संयन्त्रको कतिपय गैरजिम्मेवार र ढिलासुस्तीले वैदेशिक रोजगार पीडितले थप सास्ती भोग्नुपरेको छ । सरकारी निकायहरूको यस्तै ढिलासुस्ती र अकर्मण्यताका कारणले दलालबाट ठगिएका पीडितले क्षतिपूर्तिका लागि संघर्ष गर्दा गर्दै आफूले पाउनेभन्दा बढी रकम खर्च गर्न बाध्य भइरहेको बताएका छन् । रमेश कार्की र नन्दकुमार कार्की यसका उदाहरण हुन् ।

झापा बिर्तामोड नगरपालिका ८ का रमेश कार्की विद्यालय पढ्दै घरायसी काम गर्थे । उदयपुर घर भई हाल ललितपुर बसेका अमृत कुमार नेपालीले कृषि क्षेत्रको कामका लागि एक्कासी क्रोएसिया जाने सपना देखाइदिए । क्रोएसिया पुग्न पर्याप्त आर्थिक हैसियत




नभएका कार्की उक्त मुलुक जाने भन्दै चितवनका आफ्नो भिनाजु राम प्रसाद अधिकारीसँग सहयोग माग्न पुगे ।

कार्कीले दलाललाई कागजपत्र बुझाएपछि प्रभु बैंकमार्फत आफूले अमृत कुमार नेपालीको नाममा

– बाँकी पृष्ठ २ मा

## बेलैमा पाण्डेको उद्धार नहुँदा मृत्युवरण गर्नुपरेको परिवारको गुनासो

झापा/रासस– कम्बोडियास्थित ग्रान्ड डायमन्ड सिटी होटल एन्ड क्यासिनोमा बिहीबार भएको भीषण आगलागीमा मृत्यु भएका झापाको बिर्तामोड नगरपालिका-१ का ४० वर्षीय निराकार पाण्डेको बेलैमा उद्धार नहुँदा मृत्युवरण गर्नुपरेको परिवारले गुनासो गरेका छन् । तीन महिनाअघि पर्यटक प्रवेशाज्ञा (भिजिट भिसा)मा थाइल्यान्ड गएका उनी घुमफिरकै क्रममा कम्बोडियाको सीमावर्ती सहर पोइपेट पुगेका थिए । शुक्रबार राति उनी बसेको होटलमा भीषण आगलागी भयो ।

– बाँकी पृष्ठ २ मा

## राहदानी वितरण सहज बनाउन पहल

काठमाडौं/रासस- सेवाग्राहीको निरन्तर गुनासो आएपछि गृह मन्त्रालयले राहदानी तथा राष्ट्रिय परिचयपत्र वितरणलाई थप सहज बनाउन पहल अगाडि बढाएको छ । सेवाग्राहीले घण्टौं लाइन बस्नुपर्ने, अनलाइन फारम भर्न समस्या तथा प्रक्रिया झन्झटिलो हुनेबारेमा आएका गुनासालाई सकेसम्म समाधान गर्ने प्रयास भइरहेको गृह मन्त्रालयका प्रवक्ता फणीन्द्रमणि पोखरेलले जानकारी दिए ।

– बाँकी पृष्ठ २ मा

**Urgently Required**

A well established foreign employment company is looking for the following staff.

**Receptionist: (Female)** — 2 Nos.
- Should have +2 passed.
- Must have good computer knowledge about Word/Excel/Email & Internet
- Should be have typing skill in both Nepali and English.

**Office Documentation (Male/Female)** — 2 Nos.
Requirements:
- 10+2 passed from a recognized university.
- Should have good computer knowledge.
- Should have knowledge of MS Office and Photoshop.
- Should be have typing skill in both Nepali and English.

**Accountant: (Male/Female)** — 1 Nos.
Requirement :
- Bachelor in Mamagement, Computer knwoledge & Accounting Package.

**Salary is Negotiable**
Preference will be given to candidate with experience in similar fields.


*Sent CV to :*
*info@kathmanduhr.com, kathmanduhrsol@gmail.com*
*including your post and salary.*

KATHMANDU H.R. SOLUTION PVT.LTD.
काठमाण्डौं एच. आर. सोलुसन प्रा.लि.
Government Approved International Recruiting Agency, Labour Department License No 1410/074/075
Dhumbarahi-9, Kathmandu, Nepal
Phone. No : 01-4371271, 4371714

सीपमूलक काममा वैदेशिक रोजगारमा पठाउने मेनपावरका क्याण्डिडेट र व्यक्तिहरुको लागि
तालिम खुल्यो
कुक, वेटर, क्लिनर, हाउसमेड,
केयर गिभर, सेक्युरिटी गार्ड र कन्ष्ट्रक्सन
विगत १७ वर्ष देखि सञ्चालित नेपाल सरकार श्रम मन्त्रालय तथा CTEVT द्वारा तालिम दिन मान्यता प्राप्त संस्था
माउन्टेन मल्टिपल ट्रेनिङ सेन्टर, बसुन्धारा चौकीबाट १०० मि.भित्र, फोन नं: ०१-४५९८७४०५
fb:mountain multiple mmtc

# चिसोले रुघाखोकीका बिरामी बढ्न थाले

सरिता पराजुली/मध्यान्ह
जुम्ला, १६ पुस




विगत एक साता देखि बढेको चिसोको कारण जुम्ला जिल्ला अस्पतालमा बिरामीको संख्यामा वृद्धि भएको छ। चिसो हावा, मौसम परर्वतनका कारण जिल्ला अस्पतालमा बिरामीको संख्यामा वृद्धि भएको हो। अस्पतालमा उपचारको लागि पहिलेभन्दा बढी बिरामी आउन थालेको कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान शिक्षण अस्पताल जुम्लाका मेडिसिन विभागका डाक्टर राजेन्द्रमणी गिरीले बताए। उनका अनुसार चिसोकै कारण यहाँका स्वास्थ्य केन्द्रलगायत जिल्ला अस्पतालमा ज्वरो, रुघाखोकी, दम, कोल्ड डायरियाका बिरामीको संख्यामा वृद्धि भएको छ। सामान्य अवस्थामा औसतमा एक सय जना बिरामी उपचारका लागि आउने गरेकोमा पछिल्लो समय दैनिक दुई सय ९० जनासम्म बिरामी उपचारका लागि आउने गरेको डा. गिरीले जानकारी दिए।

लगातार बढ्दै गएको चिसोबाट बालबालिका, वृद्धवृद्धा र सुत्केरी महिला बढी प्रभावित भएका छन्। साथै आर्थिक रुपले कमजोर व्यक्तिसमेत बढ्दै गएको जाडोको प्रत्यक्ष मारमा परेका छन्। बालबालिका, वृद्धवृद्धा र सुत्केरी महिलामा रुखाखोकी, ज्वरो, दम, हातगोडा सुनिने, दुख्नेलगायत समस्या देखिएको डा गिरीले बताए। एक नगरपालिका र ७ गाउँपालिका रहेको जुम्लाको विभिन्न गाउँ बस्तीमा जाडोबाट बच्नका लागि ठाउँठाउँमा स्थानीयले आगो बालेर ताप्ने गरेका छन्।

चिसोबाट जोगिन दाउरा संकलन जुम्लामा अत्यधिक चिसो बढेपछि जिल्लाका सबै स्थानीय तहका महिलाहरू दाउरा जोहो गर्दै दिन बिताउने गरेका छन्। उनीहरू बिहानै दाउरा खोज्न जंगल जाने गर्छन् र बेलुका मात्रै फर्कन्छन्। तातोपानी ६ की आशादेखि पराजुली भन्छिन्, 'दाउरा बालेर मात्र चिसोबाट बच्न सकिन्छ। यसका लागि बिहान बेलुकाको समयमा दाउराको जोहो गर्नमै जुट्ने गरेका छौं।' बिहान ७ बजेदेखि नै दाउरा संकलनका लागि ४ घण्टाको उकालो बाटो हिड्नुपर्छ। दाउरा संकलन गर्दै दिउँसोको १ बज्छ। दाउराको बिटो तयार गरी घर फर्किंदा बेलुकाको ७ बज्ने गर्छ। यसरी नै दाउरा संकलन गरेर मात्र घर परिवारका सदस्यहरुलाई जाडोबाट जोगाउने विकल्प हुने स्थानीय बताउँछन्।

जंगल टाढा भएकाले दाउरा संकलन गर्न पनि सकस हुने गरेको छ। जंगल बिस्तारै रितिँदै गएको छ। सदरमुकाम आसपासमा पनि चिसोमा दाउरा बाल्नेहरू बढेपछि दाउरा बेच्ने क्रम पनि शुरु भएको छ। कतिपयका लागि त नियमित घर खर्च चलाउन दाउरा बिक्री गर्नु उपयुक्त पेशा बनेको छ। विशेषगरी सदरमुकाम र आसपासका बासिन्दाहरूले दाउरा बेच्ने गरेका छन्। एक भारी दाउराको मुल्य एक हजार रुपैयाँ पर्छ। जुम्लामा मंसिरदेखि फागुन महिनासम्म अत्यधिक चिसो हुन्छ। यहाँ पुस महिनादेखि फागुन र चैतको अन्तिमसम्म पनि हिउँ पर्छ। हिउँ परेपछि बाटो बन्द हुने भएकाले घरबाहिर निस्कन कठिन हुन्छ। त्यसैले पनि घरदेखि ३ देखि ४ घण्टाको पैदल यात्रा गरेर महिलाहरूले दाउरा संकलन गरी ल्याउने गरेको स्थानीय महिलाहरू बताउँछन्।

# प्रेसमाथि डिजिटल माध्यमबाट आक्रमण




**काठमाडौं/मस–** नेपाल पत्रकार महासंघले डिजिटिल प्रविधिको माध्यमबाट सञ्चारमाध्यम र पत्रकारमाथि आक्रमण बढेको बताएको छ। शनिबार एक विज्ञप्ति जारी गर्दै महासंघले सन् २०२२ मा डिजिटल माध्यमबाट भइरहेको प्रेस स्वतन्त्रतामाथिको आक्रमण नयाँ चुनौती देखिएको बताएको हो। 'अनलाइन सञ्चारमाध्यमको सिएमएसमा अनधिकृत प्रवेश गर्ने, संगठित रूपमा अनफलो अभियान चलाउने, सामाजिक सञ्जालमार्फत विभिन्न प्रकारका धम्की दिने, सामाजिक सञ्जाललाई बन्द गर्न प्रयास गर्ने र विमुख बनाउने तथा ह्याक गर्ने काम भएको छ।' महासचिव रोसन पुरीले विज्ञप्तिमार्फत भनेका छन्।

महासंघको अभिलेखअनुसार सन् २०२२ मा प्रेस स्वतन्त्रता हननका ५३ वटा घटना भएका छन्। जसमा १३२ जना पुरुष, १८ जना महिला पत्रकार र ६ वटा संञ्चार संस्था प्रभावित भएका छन्। सन् २०२२ मा संघ, प्रदेश र स्थानीय सरकारले ल्याएका कतिपय ऐन प्रेस तथा अभिव्यक्ति स्वतन्ताविरुद्ध रहेको महासंघले जनाएको छ।

# पत्रकारका लागि अक्षयकोष स्थापना

**तनहुँ/मस–** पत्रकारिता क्षेत्रमा टिकाइरहनका लागि अक्षयकोष स्थापना गरिएको छ। सब इञ्जिनीयर स्वर्गीय हरिभक्त भट्टराईको प्रथम स्मृति दिवसमा उनको परिवारले अक्षयकोष स्थापना गरेको हो। स्व. भट्टराईका श्रीमती, छोराछोरी, बुहारीले उनको स्मृति दिवसका दिन पारेर शनिबार एक लाख १० हजार रुपैयाँको अक्षयकोषको रकम हस्तान्तरण गरेका नेपाल पत्रकार महासंघ तनहुँका अध्यक्ष उज्वल पौडेलले बताए। पत्रकारिता क्षेत्रमा योगदान दिने पत्रकारलाई वार्षिकरुपमा पुरस्कार प्रदान गर्ने गरी अक्षयकोष स्थापना गरिएको उनका छोरा सुमन भट्टराईले बताए।

'बुवा समाजसेवामा आबद्ध रहेकाले पत्रकार पनि समाजको आँखा हो, समाजको आँखा मानिएका पत्रकारलाई बुवाको स्मृतिमा सम्मान गर्न र उनीहरुलाई प्रोत्साहनमा सहयोग गर्न अक्षयकोष स्थापना गरेका हौं, सुमनले भने।

नेपाल पत्रकार महासंघ केन्द्रीय सदस्य प्रदीप काफ्लेले पत्रकारिता क्षेत्रमा लाग्ने युवालाई यस्ता कार्यले प्रोत्साहन मिल्ने बताए। यसले पत्रकारलाई खोजी र तथ्यपरक समाचार संकलनतर्फ सचेत गराउनुका साथै सत्य समाचार लेख्न सहयोगी सिद्ध हुने उनको भनाइ छ। नेपाल पत्रकार महासंघ तनहुँका पूर्वअध्यक्ष डम्बरबहादुर अधिकारीले निराशा छाउने अवस्थामा पुगेका पत्रकारलाई पुरस्कारले यस क्षेत्रमा रहन प्रेरित गर्ने बताए।

# अंग्रेजी नयाँ वर्ष सन् २०२३ शुरु

**काठमाडौं/मस–** इस्वी संवतको नयाँ वर्ष सन् २०२३ आजदेखि शुरु भएको छ। नेपालीसहित विश्वभरका मानिसहरुले आपसमा शुभकामना आदान प्रदान गर्दै नयाँ वर्ष मनाइरहेका छन्।

इसाइ धर्मका प्रवर्तक जिसस क्राइस्ट (प्रभु यशु) को सम्झनामा उनको मृत्युपछि अनुयायीले सो संवत् प्रचलनमा ल्याएका हुन्।

ग्रेगोरियन पात्रोअनुसार सन् २०२२ को विदाई र नयाँ वर्ष सन् २०२३ को स्वागतमा विश्वभर बिभिन्न कार्यक्रमहरु आयोजना भइरहेका छन्। यशु खीस्टको जन्म भएको वर्षदेखि पादरी ग्रेगोरियनले शुरु गरेकाले यसलाई ग्रेगोरियन पात्रो भन्ने गरिन्छ। नयाँ वर्षमा इसाई धर्मावलम्बीहरुले यशुको सम्झना गर्दै अंगुरको रस र रोटी खाने प्रचलन छ।

इस्वी संवतको नयाँ वर्षको अवसरमा नेपालमा पनि शुभकामना आदानप्रदान, सांगीतिक प्रस्तुतीलगायतका विभिन्न कार्यक्रमहरु भइरहेका छन्। नयाँ वर्ष मनाउन काठमाडौं, पोखरा, नगरकोट, धुलिखेल, चितवनको सौराहालगायतका स्थानहरुमा मानिसहरु भेला भएका छन्। ती स्थानका होटलहरु भरिभराउ छन्। यसैबीच आज नेपाली टोपी दिवस मनाइँदैछ। अंग्रेजी नयाँ वर्षको पहिलो दिन (१ जनवरी) लाई नेपाली टोपी दिवसका रुपमा मनाउँदै आइएको छ।

## निर्णयका

अर्थात, एकातिर समाजवादी केन्द्र बनाऔं भन्ने माओवादी केन्द्र, जसपा र नेसपाको प्रस्ताव छ। अर्को तिर एमालेले वाम एकताको प्रयासलाई अगाडि बढाउन चाहेको छ। यो बेला एकीकृत समाजवादी कुन धारलाई समात्ने भन्नेमा प्रष्ट छैन्। निर्णयको पर्खाइ छन् समाजवादीसँग सहकार्य गन् तयार भएका दलहरु। एकीकृत समाजवादीले वाम ध्रुविकरण लाग्ने निर्णय गरे माहोल त्यतै ढल्किन पनि सक्छ। होइन, समाजवादी एकता वा केन्द्र भन्ने निर्णय गरे राजनीतिक कोर्स यसतर्फ पनि मोडिन सक्छ।

वाम एकतामा एमालेले स्वार्थ देखेको हुन सक्छ। समाजवादी केन्द्र वा एकतामा माओवादी केन्द्रले स्वार्थ हेरेको हुन सक्छ। एकीकृत समाजवादीले कुन स्वार्थलाई साथ दिन वा आफ्नो स्वार्थ प्रष्ट पार्ने हो त्यसको पर्खामा छन् स्वमं एकीकृत समाजवादीका नेता/कार्यकर्ताहरु पनि।

स्वमं एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपाल पनि आफूहरुको प्राथमिकता के हो प्रष्ट भनिरहेका छैनन्। उनी भन्छन्, 'मुलुकको बृहत्तर हितका लागि सबै प्रकारका छलफलका लागि हाम्रो पार्टीको ढोका खुला छ। अनेक प्रस्ताव आएका छन्, आउँछन् तर, एकीकृत समाजवादीले विवेकसम्मत निर्णय लिएर आगामी यात्रा तय गर्छ।' अर्थात, एकीकृत समाजवादीले सबैसँग कुरा गरिरहेको छ। तर, निर्णय गरिसकेको छैन्।

## भाषण

नयाँ राजनीतिक शक्तिका रुपमा उदाएको दलहरुको नेतृत्व गरेका प्रधानमन्त्री प्रचण्डका निम्ति संभवतः यो अन्तिम अवसर भएको टिप्पणी भइरहेका छन्। त्यस्तो बेला प्रचण्डले कुरा कम र काम धेरै गर्ने सार्वजनिक प्रतिबद्धता जनाउनुलाई अर्थपूर्ण रुपमा लिइएको छ।

## मन्त्री छान्न

कतिपयमा आशंका थियो। तर, अब सरकारमा जाने र न्यूनतम साझा कार्यक्रमको बारेमा पनि पार्टीले आफ्नो धारणा दिने निर्णय जसपाले लिएको छ।

प्रधानमन्त्री प्रचण्डले पुस २९ गते संसदबाट विश्वासको मत लिने तयारी गरेका छन्। त्यस पछाडि मात्रै मन्त्रिपरिषद विस्तार गर्ने उनको तयारी छ। यसकारण आफ्नो पार्टीबाट सरकारमा सहभागी हुने मन्त्रीहरुको बारेमा छलफल गर्ने समय प्राप्त रहेको प्रवक्ता सुमनले बताए। उनी भन्छन्, 'सरकारमा सामेल हुने साथीहरूको बारेमा पनि त्यसको लागि अहिले समय छ। सरकारको विस्तार २९ गते पछि नै हुने जस्तो हामीलाई सुन्नमा आएको छ। तसर्थ, पर्सीबाट सुरु हुने राजनीतिक समितिको बैठकमा यो बारेमा थप निर्णय गर्ला।'

साथसाथै, जसपाले निर्वाचनको समीक्षा गर्न शिवलाल थापा नेतृत्वको ३ सदस्यीय समिति समेत बनाएको छ। तर त्यसलाई राजनीतिक समितिको बैठकले अनुमोदन गरेपछि मात्रै काम सुरु हुने पनि प्रवक्ता सुमनले बताए।

'निर्वाचनको समीक्षा भन्ने हो भने प्रत्येक जिल्लाबाट मागिएको प्रतिवेदन आइसकेको छ। अव त्यो रिपोर्टहरु अध्ययन गरेर त्यसलाई अझै छलफल गरेर निर्णय गर्नकै लागि केन्द्रमा पनि एउटा समिति निर्माण भएको छ। शिवलाल थापाजी त्यसको संयोजक हुनुहुन्छ' उनले जानकारी दिए, 'बाल किशोर जी र रणध्वज कन्दवा रहनु भएको समितिलाई राजनीतिक समितिले अनुमोदन गर्नेछ। उनीहरूले अध्ययन गरेर तयार पारेको प्रतिवेदनको आधारमा कारबाही हुन्छ।'

बैठकमा निर्वाचनको समीक्षा, सरकारमा सहभागी हुने मन्त्रीहरूबारे र अन्य पार्टीहरूसँग एकीकरण वा सहकार्य गरेर जाने विषयमा पनि राजनीतिक समितिको बैठकमा छलफल गर्ने एजेन्डा तय गरिएको पनि जसपाले जनाएको छ।

## विदेशको

वैदेशिक रोजगारीका लागि रकम हालिदिएको अधिकारीले मध्यान्हलाई जानकारी दिए। अधिकारीले भने, 'मैले सालोलाई ६ लाख पठाएको रकमको प्रमाण आवश्यक परे देखाउन सक्छु।'

आफ्नो पैसा ठगिएको र सरोकारवाला निकायमा उजुरी हाल्दा पनि हालसम्म कुनै चासो नदेखाएको अधिकारीले गुनासो गरे। 'नेपालीले अकाउन्ट नम्बर दिएर पैसा हाल्न लगाउँथे,' अधिकारी भन्छन्।

ठगीका आरोपी अमृतलाई पक्राउ गरेपनि उनलाई कारबाही हुनेमा अधिकारी आश्वस्त छैनन्। अधिकारीका अनुसार अमृतले विभिन्न मुलुकका +४०३७३७८०६०७, +९७७९८०३५२ ९४३, ९८६२७६५२८८ र ९८२३४०००८१३ नम्बरका टेलिफोन चलाउने गरेका थिए। तर रकम बुझेपछि हाल पटक-पटक सम्पर्क गर्दा पनि अमृतको फोन नउठेको उनले बताए।

नेपालीले आफ्नो कारोबारलाई विश्वास दिलाउन उनले टर्कीको परिवार, श्रम तथा सामाजिक सेवा मन्त्रालयबाट ११ महिना १२ दिनको फिक्स टर्म वर्क पर्मिट पाएको परिचयपत्रसमेत देखाउने गरेका छन्। वैदेशिक रोजगारीका लागि क्रोएसिया पठाउने व्यक्तिले टर्कीको वर्क पर्मिट भिसा भएको परिचयपत्र देखाउँदा रकम असुली धन्दामा उनको पहिलेदेखिकै योजना रहेको हुनसक्ने अधिकारीको आंकलन छ। मध्यान्हले उल्लेखित नम्बरमा नेपालीसँग पटक-पटक सम्पर्क गर्दा सम्पर्क हुन सकेन।

## बेलैमा पाण्डेको

मृतकका बुबा एवं बिर्तामोड-१ का वडाध्यक्ष अग्नि पाण्डेले होटलको १२औं तलाको कोठामा बास बसेको बेला दुःखद घटना भएको बताए। बेलैमा उद्धार नहुँदा छोराले मृत्युवरण गर्नुपरेको उनले गुनासो गरे। बिहीबार राति साढे ११ बजेतिर होटलमा आगलागी सुरु भएको र शुक्रबार बिहान साढे ४ बजेपछि छोरासँग सम्पर्क विच्छेद भएको उनले जानकारी दिए।

थाइल्यान्डको राजधानी बैंककस्थित नेपाली राजदूतावासले मृतकको शवको तस्बिर नेपालस्थित मृतकका आफन्तलाई पठाएर शवको सनाखत गरिसकेको छ। हाल कम्बोडियामै रहेको शवलाई नेपाल ल्याउनका लागि परराष्ट्र मन्त्रालय र बैंककस्थित नेपाली राजदूतावासमार्फत कूटनीतिक पहल भइरहेको मृतकका बुबा अग्निले जानकारी दिए।

पारिवारिक स्रोतका अनुसार गत कात्तिक २१ गते निराकार घुमफिरका लागि पाण्डे थाइल्यान्ड गएका थिए। उनको केही दिनमै नेपाल फर्किने तयारी थियो। पुस १५ गते बिहान आगलागी भइरहेको होटलको १२औं तलाको आफू बस्ने कोठाको झ्यालबाट ज्यान बचाउन हामफाल्दा मृत्यु भएको थियो।

आगलागी शुरु भइसकेपछि करिब चार घण्टाको अवधिमा उनले आफू आगलागीका कारण अप्ठेरोमा फसेको भन्दै काठमाडौंस्थित आमा र झापास्थित बुबालाई समेत भिडियो फोन गरेर बाँच्नका लागि १२औं तलामाथिको झ्यालबाट हाम फाल्नुपर्ने अवस्थामा पुगेको जानकारी दिएका थिए। परिवारले उनलाई उद्धारको पर्खाइमा धैर्य गर्न बारम्बार सुझाव दिएको उनका भाइ निश्चल पाण्डेले बताए। घटनामा उद्धारको प्रयास नभएपछि बाँच्नका लागि हामफाल्दा निराकारको ज्यान गएको पाण्डेले उल्लेख गरे। घटना भएका बेला मृतकका बुबा अग्नि र साँइलो भाइ झापाको विर्तामोडमा थिए भने आमा र कान्छो भाइ काठमाडौंस्थित घरमा थिए।

'बास बसेको होटलमा आगलागी भयो, धुवाँ फैलिँदै गइरहेको छ भन्दै भिडियो कल गरेको थियो,' मृतकका बुबा अग्निले शुक्रबार रातिको अवस्थाबारे जानकारी दिँदै भने, 'राति करिब चार घण्टासम्म फोन र भिडियोमा सम्पर्क भइरहेको थियो, हामीले उद्धार गरेर बचाउन आउँछन्, धैर्य गर् छोरा भनेर ढाडस दिइरह्यौं। तर साढे ४ बजेदेखि फोन सम्पर्क टुट्यो।' कम्बोडियामा रहेका नेपाली र बैंककस्थित राजदूतावासका अधिकारीहरुले आगलागीबाट बाँच्नका लागि होटलको १२ तलाबाट हामफाल्दा चोटपटक लागेर मृत्यु भएको जानकारी दिएको उनले बताए।

### शोकाकुल बन्यो बिर्तामोड

युवा व्यवसायी निराकारको कम्बोडियामा आफु बसेको होटलमा भएको आगलागीबाट ज्यान जोगाउन हामफल्दा मृत्यु भएको खबर फैलिएपछि विर्तामोड शोकाकुल बनेको छ। स्थानीयवासी मृतकको घरमा भेला भएका छन्। झापामा रहेका मृतकका बुबा अग्नि घटना सुनेलगत्तै काठमाडौं गएका छन्।

काठमाडौंमा मृतककी आमा र अरू भाइहरु रहेका छन्। झापाको घरमा रहेका मृतकका साइला भाइ निश्चलले कम्बोडियाको पर्यटकीय क्षेत्रमा समेत विपत्का बेला उद्धारको भरपर्दो कुनै प्रबन्ध नभएकामा गहिरो खेद व्यक्त गरे। 'चार घण्टाभन्दा बढी अवधिसम्म दाजु निराकारले उद्धार पर्खिएर बस्नुभयो, कुनै आश बाँकी नरहेपछि बाँच्नका लागि १२औं तलाबाट हामफाल्नु पर्यो,' उनले भने, 'बेलैमा उद्धार हुन सकेको भए दाजु बाँच्नु हुन्थ्यो।'

संगीतकार शिवशंकर थापाले अकल्पनीय घटनाले विर्तामोडबासी स्तब्ध भएको बताए। मृतक संगीतकार थापाका छिमेकी हुन्। 'सानैदेखि असल र मिहेनती स्वभावको हुनुहुन्थ्यो निराकार भाइ,' थापाले भने, 'भरपर्दो उद्धारको व्यवस्थासमेत देखिएन, मृतकले झ्यालमा बसेर बोलेको भिडियोले संसारभरिका नेपालीलाई स्तब्ध बनाएको छ।'

यसैबीच प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले कम्बोडियाको एक क्यासिनोमा आगलागीका कारण मृत्यु भएका पाण्डेको शव नेपाल ल्याउन सम्बन्धित निकायलाई निर्देशन दिएका छन्। प्रधानमन्त्री दाहालले मुख्यसचिव शंकरदास वैगारीलाई पाण्डेको शव नेपाल ल्याउन शीघ्र सहजीकरणका लागि सम्बन्धित निकायलाई परिचालन गर्न निर्देशन दिएको प्रधानमन्त्रीको सचिवालयले जनाएको छ।

प्रधानमन्त्री दाहालले सो घटनाप्रति गहिरो दुःख व्यक्त गर्दै मृतकप्रति श्रद्धाञ्जली अर्पण गरेका छन्। प्रधानमन्त्री दाहालले दुखद् घटनाका क्रममा निधन भएका पाण्डेका परिवारजनप्रति गहिरो समवेदना प्रकट गरेको पनि प्रधानमन्त्री दाहालको सचिवालयले जनाएको छ।


## राहदानी

उनका अनुसार सूचना प्रविधिमा ज्ञान भएका व्यक्तिको टोलीबाट सुझाव लिने काम भइरहेको छ। टोलीको सुझावका आधारमा समस्याको समाधानतर्फ लाग्ने प्रवक्ता पोखरेलको भनाइ छ।

गृहमन्त्री रवि लामिछानेले मन्त्रालयको जिम्मेवारी सम्हालेपछि राहदानी, राष्ट्रिय परिचयपत्रलगायतलाई सहज बनाउने र लाइन बस्नुपर्ने बाध्यता हटाउने प्रतिबद्धता जनाएका थिए।

विद्युतीय राहदानी बनाउन धेरैजसो प्रक्रिया अनलाइनबाटै गर्नुपर्छ, तर अनलाइनबाट आवेदन दिएर तोकिएको मितिमा कार्यालयमा उपस्थित हुँदा पनि नागरिकलाई रातिको १२ बजेदेखि लाइन लाग्नुपर्ने बाध्यता रहेको सेवाग्राहीको गुनासो छ।

# शिला संरक्षणमा जुटे सरोकारवाला



**पर्वत/मस–** पर्वत,स्याङ्गजा र गुल्मी जिल्लाको संगममा रहेको प्रसिद्व धार्मिक स्थल शिला शालिग्रामको संरक्षण, सेतीवेणी बजार एवं वस्ती व्यवस्थापनका विषयमा अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ।

शिला शालिग्राम एवं वस्ती संरक्षणका लागि रणनीति तयार गर्न स्याङ्जा, पर्वत र गुल्मी जिल्लाका प्रमुख जिल्ला अधिकारी, तीनै जिल्लाका जिल्ला समन्वय समिति प्रमुख, गल्याङ नगरपालिकाका नगर प्रमुख गुरु भट्टराई, गुल्मीको कालीगण्डकी गाउँपालिकाका अध्यक्ष बेद थापा, पर्वतको पैँयूँ गाउँपालिकाकी उमप्रमुख यामकुमारी राना तथा स्थानीय वडा प्रतिनिधिको उपस्थिति रहेको थियो।

उक्त छलफल एवं अन्तरक्रियामा ऐतिहासिक धार्मिक सम्पदा शिला शालिग्राम एवं सेतीवेणी बजार एवं वस्ती संरक्षणका सवालमा तथ्यगत विवरणका आधारमा गुरुयोजना निर्माण गरेर प्रदेश तथा संघीय सरकारसँग आवश्यक बजेट बिनियोजनका लागि लविङ गर्ने निष्कर्ष निकालेको पैँयूँ गाउँपालिकाकी उपप्रमुख याम कुमारी रानाले बताइन्।

वस्ती एवं शिला संरक्षणको मूल दायित्व विशेषत सो क्षेत्रसँग जोडिएका स्थानीय सरकारको रहेको त्यसका लागि ठोस कार्ययोजनाका साथ अगाडि बढ्नुपर्ने साझा निष्कर्षमा पुगेको पैँयूँ गाउंपालिकाकी उपप्रमुख रानाले बताइन्। वर्षेनी वर्षाका बेला बस्ती डुबानको जोखिमलाई अन्त्यका लागि वैज्ञानिक एवं सर्वस्वीकार्य समाधानको कार्ययाजनाको खाँचो अन्तरक्रियामा औंल्याइएको उपप्रमुख रानाको भनाइ छ। तीन जिल्लाको संगम स्थलका रुपमा रहेको उक्त सेतीवेणी एवं शिला शालिग्राम क्षेत्र पर्वतको बिहादी गाउँपालिका, स्याङ्जाको गल्याङ नगरपालिका र गुल्मीको कालिगण्डकी गाउँपालिकामा रहेको छ।

**Ghodaghodi Municipality**
**Office of Municipal Executive**
**Sukhad, Kailali**
**Sudurpaschim, Province**

**Invitation for Electronic Bids**

**Date of first publication: 17/09/2079 (01/01/2023)**

1. *Ghodaghodi Municipality* invites electronic bids from eligible bidders for the following Project under National Competitive Bidding.
2. Eligible Bidders may refer complete set of Bid Document for further information at PPMO e-GP system www.bolpatra.gov.np/egp and Office official website www.ghodaghodimun.gov.np

| S.No. | Contract no./ID | Name Of the Project | Total Estimated Amount (With Vat & P.S.) NPR | Bid Security Amount (NPR) | Bid Document Fee (NPR) |
|---|---|---|---|---|---|
| 1 | NCB/GMUN/ WORKS/ 25/079/080 | Ghodaghodi Kshetra Ma Dharmasala Nirman(II) | 59,85,424.61/- | 1,49,700.00/- | 3,000.00 |
| 2 | NCB/GMUN/ WORKS/ 26/079/080 | Shree Dashrath Secondary School Building(I) | 85,45,214.94/- | 2,14,000/- | 3,000.00 |

# काउले डाँडामा वार्षिक दुई करोडको अम्रिसो उत्पादन

**जगत ठाडा मगर/मध्यान्ह**
नवलपरासी, १६ पुस



पाल्पाको निस्दी गाउँपालिकास्थित काउले डाँडागाउँमा वार्षिक दुई करोडको अम्रिसो उत्पादन हुने गरेको छ। गाउँपालिका ३ झिरुबासको काउले डाँडाबासीको जीवनस्तर नै अम्रिसो खेतीले फेरिदिएको छ। २ सय ४६ हेक्टर क्षेत्रमा फैलिएको अम्रिसो खेतीबाट झिरुबासको मात्रै नभएर सिंगो निस्दी गाउँपालिकाकै पहिचान बदलिएको छ। गत आर्थिक वर्षमा कुचो बेचेर यहाँका बासिन्दाले २ करोड रकम आम्दानी लिन सफल भएको र यसवर्ष पनि त्यो भन्दा कम नहुने स्थानीय रामबहादुर पाटा मगरले दाबी गरे।

पछिल्लो समय काउले डाँडाको अम्रिसो खेती हेर्न आउनेको संख्या पनि दिनदिनै बढ्दै गएको छ। यो स्थान जिल्ला सदरमुकाम तानसेनबाट करिब ८० किलोमिटर पूर्वमा पर्दछ। काउले डाँडा आम्दानीको स्रोत मात्रै नभएर आन्तरिक पर्यटनको मूख्य आकर्षण केन्द्रसमेत बनेको छ। हिजोआज यस ठाउँमा आन्तरिक पर्यटकको घुइँचो लागेको छ। घुम्न आउने धेरैले इलामको चिया बगनसँग तुलना गरेको स्थानीयले बताएका छन्।

काउले डाँडामा आएपछि अम्रिसोको संसार देख्न पाइन्छ। जतासुकै अम्रिसो नै अम्रिसोको घारीले ढाँकेको छ। यहाँबाट उत्तरतिर हेर्दा माछापुच्छ्रे, धौलागिरी तथा अन्नपूर्ण हिम शृङखला देख्न पाइन्छ। दक्षिणमा नवलपुर र नवलपरासीसम्मको तराईको समथर भू-भागका साथै भारतको त्रिवेणी आसपासको क्षेत्रसम्म देख्न सकिन्छ। काउले डाँडा जाँदा बाटैमा पर्ने खादरको कुँडुले घर तथा आसपासको मगर बस्तीलेसमेत सबैको मन लोभ्याउने गरेको पाइन्छ।

विशेषगरी दशैं तिहार र हिउँदको समयमा यहाँ घुम्न आउनेको भिडभाड हुने गरेको स्थानीय वीरबहादुर पाटा मगरले बताए। आन्तरिक पर्यटक छिमेकी जिल्ला तथा पालिकाहरुबाट दिनहुँ जसो आउने गर्दछ। शनिबार तथा बिदा परेको बेला एकै दिनमा दर्जनभन्दा बढी बसमा घुम्न र बनभोज खाना आउने गर्दछन्। यहाँ घुम्न आउनेहरुको लागि व्यवस्थापनको जिम्मा इन्द्रेणी कृषि बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड झिरुबासले लिएको छ। सहकारीले टिकट काट्न र अन्य व्यवस्थापनको लागि कर्मचारी राखेको छ। यहाँ घुम्न आउँदा बसको १ हजार रुपैयाँ लिने गरिन्छ। जीपको ५ सय र मोटरसाइकलको ५० रुपैयाँ र प्रतिव्यक्ति २० रुपैयाँ टिकट शुल्क लिने गरिन्छ। निस्दी गाउँपालिकाको मात्र नभएर पाल्पा जिल्लाकै पर्यटन क्षेत्रको आकर्षण केन्द्र काउले डाँडा पहिले नाङ्गो डाँडा थियो।

वि.सं. २०६७ सालमा कबुलियती वन समूह दर्ता गरेर अम्रिसो लगाएको काउले डाँडा कबुलियती वन अन्तर समूहका अध्यक्ष दमनसिंह थापा मगरले बताए। शुरुमा १ सय १५ हेक्टर क्षेत्रमा २ सय १५ घरधुरी मिलेर अम्रिसो लगाएको अध्यक्ष थापाले बताए। हाल यो वन २ सय ४६ हेक्टरमा फैलिएको छ। झिरुबासका २ सय २७ घरधुरी आवद्ध रहेका छन। विभिन्न १८ वटा उप समूह मिलेर काम गर्दै आएको छ। पर्यटकको आकर्षण बढाउनको लागि मन्दिर तथा ठाउँ-ठाउँमा प्रतिक्षालय बनाएको छ। भौतिक पूर्वाधार मन्त्रालयको सहयोगमा ५ सय जना क्षमता भएको सभाहलसहितको कुँडुले घर बनाइएको छ। पाल्पा जिल्लाको निस्दी गाउँपालिकाको काउले डाँडाले पूर्वको इलाम चिया बगानको झल्को दिन्छ।

# कतारमा भव्य रूपमा मनाइयो हि-ल्होसार तथा स्यौं कै

**तिलु शर्मा पौडेल/मध्यान्ह**
दोहा कतार, १६ पुस



'तमुहरूको एकता आजको आवश्यकता' मूल नारासहित तमु (गुरुङ) समाज र तमु प्ये ल्हु संघ कतारको संयुक्त आयोजनामा राष्ट्रिय महान् पर्व 'हि-ल्होसार तथा स्यौं कै कार्यक्रम' भव्य रूपमा मनाइएको हो।

बाघ वर्गलाई बिदाई गरी बिरालो वर्गलाई स्वागत गर्दै मनाइएको कार्यक्रममा तमु प्ये ल्हु संघ शाखा कतारका अध्यक्ष चन्द्र ल्हेडे तमुको अध्यक्षता तथा एनआरएनए आइसिसीका उपाध्यक्ष नरेन्द्र भाटको प्रमुख आतिथ्यता रहेको थियो।

एक ल्होलाई बिदाई गरी अर्को ल्होलाई स्वागत गर्दै खेगी चिबबाट रूप (पुरै) लगाई एक आपसमा शुभकामना आदान-प्रदान गरिएको कार्यक्रममा समाजका कलाकारहरूले तमु संस्कृति झल्किने स्वागत नृत्य प्रस्तुत गरेका थिए। त्यस्तै हरेक वर्ष छेलो प्रतियोगिता गरी वर्ष भरिको तमु म्रु (राजा) छान्ने प्रचलन अनुसार बिरालो वर्षको राजाका रूपमा टीका गुरुङ(स्याङ्जा) चुनिएका छन् भने राहुल गुरुङ(पाल्पा) द्वितीय स्थानमा रहेका छन्।

तमु संस्कार अनुसार क्रेकी (सम्मान) प्रमुख अतिथिसहित विभिन्न विशिष्ट व्यक्तिहरूलाई गरिएको थियो। केशु लेगें तमुले स्वागत मन्तव्य राखेको कार्यक्रमलाई ज्ञानु गुरुङले सहजिकरण गरेका थिए। कार्यक्रम तथा ल्होसारका बारेमा कार्यक्रम संयोजक तथा तमु(गुरुङ) समाज, कतारकी अध्यक्ष टौमाया गुरुङले प्रकाश पारेकी थिइन्। कार्यक्रममा विभिन्न वक्ताहरूले शुभकामना मन्तव्य राख्दै सरकारले ल्होसारलाई राष्ट्रिय पर्वको रूपमा घोषणा गरी सार्वजनिक बिदासमेत प्रदान गरेकोमा खुसी व्यक्त गरेका थिए।

आफ्नो मन्तव्यका क्रममा प्रमुख अतिथि भाटले तमुहरू समुदायकै उत्कृष्ट समुदाय रहेको बताए। कार्यक्रमको समापन गर्दै सभाध्यक्ष ल्हेडे तमुले ल्होसार सीमित जात जातीको मात्र नभएर राष्ट्रिय पर्व बनेको हुँदा सबै नेपालीले आफ्नो पर्वको रूपमा लिनु पर्ने बताए। ल्होसारका अवसरमा मगर संघ शाखा कतार, तामाङ समाज र नेवा पुच कतारले संस्थागत रूपमा उपहारमा कोसेली प्रदान गरेका थिए।

वनभोजसहित सम्पन्न सांस्कृतिक कार्यक्रममा शिला, रोजिना, रितु, रन्जना, सलिना, तिलमाया, सुष्मा, सुजाता, रमिला, सबिना, सोनी, सङ्गीता, सुजन, टिकाराज, सुनिल, सुरज, अमित, लिल, रबिन, मदन, भीमप्रसादले मौलिक तथा विभिन्न गीतमा आफ्नो नृत्य पेश गरेका थिए भने गोविन, मुना, रबिन, पवन, सी.बी., पुष्पा, ज्ञानु, सलिना, प्रकाश, दीपकले आफ्नो गायनले उपस्थितलाई नचाएका थिए। कार्यक्रममा विकास, प्रेम, विश्व, सुमन, राजन, विशाल, राजेन्द्र र साथीहरूले चुट्का गायन मनोरञ्जन प्रदान गरेका थिए। सांस्कृतिक कार्यक्रमलाई तमु प्ये ल्हु संघका सचिव फलेन्द्र गुरुङ र तमु गुरुङ समाजकी सह-सचिव मुना गुरुङले सहजीकरण गरेका थिए।

# बेदकोटको वृद्धाश्रममा सेनाद्वारा सहयोग



**कञ्चनपुर/मस-** कञ्चनपुरको बेदकोट नगरपालिकामा रहेको वृद्धाश्रममा शनिबार बिहान नेपाली सेनाले न्यानो कपडा र खाद्य सामग्री सहयोग गरेको छ। नेपाली सेना सैनिक श्रीमती संघ, श्री नं २५ बाहिनी अड्डा भगतपुर ब्यारेकले बेदकोट नगरपालिका-८ मा रहेको बैजनाथ ज्येष्ठ नागरिक सेवा केन्द्रमा आश्रित वृद्धवृद्धालाई न्यानो कपडा (मण्डी) का साथै खाद्यान्न (चामल, दाल, तरकारी, चिनी चियापत्तीलगायत) सामग्री उपलब्ध गराएको हो।

वृद्धाश्रममा रहेको १९ जना वृद्धवृद्धालाई राहत तथा न्यानो कपडा वितरण गर्दै नेपाली सेनाको श्री नं २५ बाहिनी अड्डाका बाहिनीपति सहायक रथी पुरुषोत्तम ढकालले सेना र सैनिक श्रीमती संघबाट जनमुखी सामाजिक काम अवस्था र आवश्यकताअनुसार गर्दै आएको बताए।

'वृद्धाश्रममा आश्रित ज्येष्ठ नागरिकलाई चिसोबाट बच्न सहजता होस् भनेर सामग्री उपलब्ध गराइएको हो', बाहिनीपति सहायकरथी ढकालले भने। 'जनतासित सधैं नेपाली सेना भन्ने भावना अभिवृद्धिका लागि पनि अभाव रहेका क्षेत्रमा सेनाले लामो समयदेखि सहयोग तथा सहकार्य रहँदै आएको छ।'

नेपाली सेनाले वृद्धाश्रमका ज्येष्ठ नागरिकको सहजताका लागि आधुनिक दुई कोठे शौचालयसमेत निर्माण गरिदिएको छ भने केही वर्षअघि सेनाको जनशक्ति र दाताको सामग्री सहयोगमा वृद्धाश्रमको चौतर्फी पर्खाल निर्माण गरिएको थियो। न्यानो कपडा तथा खाद्यान्न वितरण कार्यक्रममा बाहिनीपति ढकालसँगै यहाँस्थित श्रीदल गुल्मका गुल्मपति सेनानी सुमित श्रेष्ठ र वृद्धाश्रम सञ्चालक समितिका पदाधीकारी सहभागी थिए। सैनिक श्रीमती संघ पनि लामो समयदेखि प्रतिकूल मौसम तथा विभिन्न प्रकोपमा मुलुकका समस्याग्रस्त क्षेत्रमा योगदान पुर्‍याउँदै आएको नेपाली सेनाले जनाएको छ।

त्यसैगरी पाँच दिनअघि नेपाली सेना सैनिक श्रीमती संघ, श्री नं २५ बाहिनी र श्रीदल गुल्मको समन्वय तथा सहकार्यमा लालझाडी गाउँपालिकामा समेत ज्येष्ठ नागरिक, असहायक बालबालिका र अपाङ्गता भएको व्यक्तिलाई सहयोग गर्नुका साथै निःशुल्क स्वास्थ्य शिविरसमेत आयोजना गरिएको थियो।

# रोटरीद्वारा एक सय महिला सम्मानित



**काठमाडौं/मस-** रोटरी इन्टरनेशनल डिस्ट्रिक्ट ३२९२ नेपाल भूटानको 'विमेन इन लिडरसीप' कमिटीले नेपालको विभिन्न क्षेत्रमा विशिष्ट पहिचान कायम गर्न सफल १ सय जना महिलालाई सम्मान गरेको छ।

शनिबार काठमाडौंमा आयोजित एक समारोहमा उनीहरुलाई डिस्ट्रिक्ट गभर्नर जितेन्द्र बहादुर राजभण्डारी, काठमाडौं महानगरपालिकाकी उपप्रमुख सुनिता डंगोल र रोटरी इन्टरनेशनल डिस्ट्रिक्ट ३२९२ नेपाल भूटानकी पूर्व एवं प्रथम महिला गभर्नर जया राज्यलक्ष्मी शाहले सम्मान गरेका हुन्।

सम्मानित हुनेहरुमा शिक्षा, स्वास्थ्य, वातावरण, संचार, साहित्य, परराष्ट्र मामिला, मानवअधिकार, वित्तीय क्षेत्र एवं महिला सशक्तिकरण र जागरणका विविध आयाममा क्रियाशिल महिलाहरु रहेका छन्।

आ-आफ्नो क्षेत्रमा विशिष्ट योगदान पुर्‍याएर महिला नेतृत्वको उदाहरण बन्न सफल महिलाहरुलाई सम्मान गरिएको हो। कमिटीले आफ्नो क्षेत्रमा रचनात्मक एवं सिर्जनात्मक क्षमता प्रदर्शन गरी अरु आम महिलाका लागि प्रेरणाको स्रोत बन्न सफल भएको भन्दै उनीहरुलाई सम्मान गरेको हो।

सम्मान कार्यक्रममा बोल्दै डिस्ट्रिक्ट गभर्नर जितेन्द्र बहादुर राजभण्डारीले रोटरीमा पनि महिलाहरुको सहभागिता बढिरहेको बताउँदै सम्मानित महिलाहरुलाई पनि रोटरीसँग जोडिन अपिल गरे। उनले रोट्र्याक्टमा करिब ५० प्रतिशतको हाराहारीमा महिला सहभागिता रहेको उल्लेख गर्दै महिला सशक्तिकरणको सवालमा रोटरी इन्टरनेशनल र डिस्ट्रिक्ट ३२९२ नेपाल भूटान गम्भीर रहेको बताए। महिलाको सशक्तिकरण शिक्षाबाट मात्र सम्भव हुने बताउँदै उनले डिस्ट्रिकले त्यसका लागि एक हजार बालिका शौंचालय निर्माणको लक्ष्य राखेको र कम्तीमा १० जना बालिकालाई विद्यालयमा छात्रवृत्ति प्रदान गर्नका लागि नेपालमा क्रियाशिल रोटरी क्लवहरुलाई आग्रह गरेको बताए। त्यसैगरी काठमाडौं महानगरपालिकाकी उपप्रमुख सुनिता डंगोलले रोटरीले सय जना महिलालाई सम्मान गरेर अन्य आम महिलाका लागि प्रेरणादायी काम गरेको बताइन्। उनले महिलाको अर्थपूर्ण सहभागिताले मात्र सार्थक हस्तक्षेप गर्न सकिने उल्लेख गरिन। सम्मानित भएका महिलाहरुले रोटरीले आफुहरुलाई सम्मान गरेर उर्जा थपिएको महसुस गरेको बताएका थिए। कार्यक्रम 'विमेन इन लिडरसिप कमिटी'की चेयर भवानी देवकोटाको अध्यक्षतामा सम्पन्न भएको थियो।

**बाँके डायरी**
पवन जायसवाल/मध्यान्ह

# एकता युवा क्लबको आयोजनामा वृहत् रक्तदान




बाँकेको नेपालगन्जमा एकता युवा क्लबको आयोजनामा रक्तदान कार्यक्रम सम्पन्न भएको छ।

प्राइम लाईफ इन्स्योरेन्स नेपालगन्जको प्रायोजनमा शनिबार गरिएको रक्तदान कार्यक्रमको आठौं श्रृंखलामा ५१ जनाले रक्तदान गरेका छन्।

'रक्तदान जीवनदान' भन्ने नाराका साथ नेपालगन्ज उप-महानगरपालिका वडा नम्बर २२ पुरैनीमा रहेको क्लबको कार्यालयमा भएको रक्तदान कार्यक्रममा डा. बिनोद कर्ण, डा. सन्दिप गुरुङ्ग, समाजसेवी भगौती प्रसाद गोडिया, सुनील परियार, समाजसेवी भीम पोखेल, क्लबका अध्यक्ष राजेश कुमार यादव लगायतले रगत संकलन गर्ने पाकेट प्राविधिकलाई हस्तान्तरण गरी कार्यक्रमको उद्घाटन गरेका थिए।

कार्यक्रममा एकता युवा क्लबका अध्यक्ष राजेश कुमार यादव, सरोज थापा, बिजय पाठक, भीम पोखेल, डेगराज गुरागाईं, सुनील विश्वकर्मा, बिनोद सुनार, महेश सुनार, वीरेन्द्र गहतराज, इमरान दर्जी, प्रकाश साहु, योगेश चौधरी, गौरव घर्तीमगर, शुद्यान्शु पासवान, बनवारी पासी, सहदेव पासी, बिनोद साहनी, जितेन्द्र राँढ, कृष्ण ठकुरी, प्रवीण ठकुरी, सुनील राँढ, सरोज मिश्र, विकास साहु, अमन गोडिया, धर्मु गोडिया, अजु भुषाल, द्वारिका प्रसाद गोडिया, टंक बोहरा, दिनेश काफले, प्रेम, उमेश, राहुल राँढ, रोहित राणा, हरदेव जायसवाल, अृमत गोडिया, बिनोद यादव, रञ्जना मिश्रा, राहुल यादव, सुनिता गोडिया, मनोज कुमार मिश्र, आशिष कुमार साहु, अशोक सिंह गुरुङ्ग, दिनेश यादव, मञ्जु चन्द, सुनल राँढ, पसटाङ्ग नोरबु शेर्पा, कृष्ण सुवेदी र अमित मल्ल लगायतले ५१ जनाले रक्तदान गरेका थिए।

सो कार्यक्रममा समाजसेवी वीरेन्द्र गहतराज, मंगल जिएम, सुनील केसी, सुरत पुरुष, एस.के. डेरी उद्योगले सहयोगी हातका रुपमा रहेका थिए। यसै नेपाल स्वयंसेवी रक्तदाता समाज बाँकेका सल्लाहकार तथा माधवराम वर्मा, पवन जायसवाल, सदस्य सुनील परियार, क्लबका सदस्य तथा स्थानीयबासीहरुको सहभागिता रहेको थियो। नेपाल रेडक्रस सोसाइटी बाँके शाखाद्वारा सञ्चालित प्रादेशिक रक्त सञ्चार सेवा केन्द्रका प्रमुख उपेन्द्र रेग्मी, होमराज गिरी, सोम प्रकाश सापकोटा, सुरज यादव, गोमा रावत र केशर सिंह डाँगीले प्राविधिकमा सहयोग गरेका थिए।

# नेपालगन्ज नाकाबाट एक वर्षमा ५ सय २९ को उद्धार



सन् २०२२ को एक वर्षको अवधिमा नेपालगन्ज नाका हुँदै जोखिमपूर्ण यात्रा गर्नेहरुको संख्या वृद्धि भएको पाइएको छ। 'हाम्रो आवाजः चेलीबेटी बेचबिखन मुक्त समाज' मानव बेचबिखन तथा ओसार पसारविरुद्ध संचारकर्मीहरुसँग माइती नेपालद्वारा शनिबार आयोजित पत्रकारहरुसँको अन्तरक्रियामा माइती नेपालका संयोजक केशवराज कोइरालाले एक वर्षको अवधिमा एक वर्षको अवधिमा यस नाका भएर जोखिमपूर्ण यात्रा गर्ने ५ सय २९ जनालाई सीमा नाकाबाटनै उद्धार गरिएको बताए। कोइरालाले सामाजिक संजाल टिकटकबाट पनि सम्बन्ध विस्तार हुँदो रहेछ भन्दै त्यसले गर्दा पनि जोखिम बढी रहेको बताए। उनका अनुसार जोखिमपूर्ण यात्रा गर्ने जिल्लामा सबैभन्दा बढी सुर्खेत ८६ जना रहेका छन्। बाँके जिल्लाका ८२ जना रहेका छन्। कोहलपुर नगरपालिकाका २१ जना र बैजनाथ गाउँपालिकाका २० जना रहेको माइती नेपाल नेपालगन्जले जनाएको छ। सन् २०२१ मा ४ सय ३४ जनाको उद्धार गरिएको थियो भने त्यो भन्दा अघिको संख्या २ सय ६७ थियो। कोइरालाका अनुसार सन् २०२२ मा ५ सय ३४ जनालाई पारिवारिक पुनर्मिलन गराइएको छ। सन् २०२१ मा ४ सय ३२ जनालाई पारिवारिक पुनर्मिलन गराइएको थियो। पछिल्लो एक वर्षमा सीमा नाकाबाट परामर्श दिई घर फर्काइएको संख्या ५ सय २७ रहेको माइती नेपाल नेपालगन्जले जनाएको छ। यसरी खोजतलासका लागि निवेदन दिनेको संख्या ६ सय ९३ रहेकोमा २ सय ४९ जना फेला परेका छन्। यो अवधिमा बेचविखनका ५ वटा मुद्दा दर्ता भएका छन्।

जोखिमपूर्ण यात्रामा रहेका यस आवाधिक वर्षमा प्रवेश गरेका बालबालिका एवं महिलाहरु २०२२ जनवरी देखि डिसेम्बरसम्म बाँकेको बैजनाथ, कोहलपुर, खजुरा, नेपालगन्ज, राप्तीसोनारी, डुडुवा, जानकी गरी ८२ जना, यसरी बर्दियाको बाँसगढी, ठाकुरबाबा, मधुवन, राजापुर, बारबर्दिया, बढैयाताल, गेरुवा, गरलरिया गरी ५८ जना रहेका छन्। यसरी विभिन्न जिल्लाबाट ब्राहमण/क्षेत्री २०७ जना, जनजाती १३० जना, दलित १८४ जना, आदिवासी ८ जना, १८ वर्ष मुनिका २१० जना बालिका, १८ वर्ष मुनिका बालक १५ जना, १८ वर्ष माथिका ३०४ जना रहेका छन्। जोखिमपूर्ण यात्रामा रही सिमानाबाट उद्धार गरिएको संख्या सन् २००२ देखि २०२२ सम्म ८ हजार ५ सय ६८ जना, पारिवारिक मिलन गराएको संख्या ८ हजार ६६० जना, श्रम र यौन शोषणमा परी उद्धार गरिएको संख्या ३ सय ६५ जना, सीमाबाट परामर्श दिई घर फिर्ता गराइएको संख्या ४ हजार ७ सय ५० जना, खोजतलाशको निबेदन परेको घटना ७ हजार ५ सय ७२, फेला परेको १ हजार ६ सय ३८, घरेलु हिंसा घटना ४ सय ४६, समाधान ३ सय ५३, शिपमूलक तालिम प्रदान गरिएको किशोरी १ सय ८८ जना, बेचबिखन घटना दर्ता भएका संख्या ९३, जबरजस्ती करणी (बलात्कार घटना) ४६, हाल आवाधिक गृहमा रहेको २०२२ संख्या १ रहेको जनाइएको छ।

हराएका बालबालिका एवं महिलाहरु खोजतलास तथा उद्धारका लागि आएका निवेदनहरु ६९३ जसमध्ये २४९ जना फेला परेका छन्। यसरी भारत तथा खाडी मुलुकबाट उद्धार गरिएको संख्या जम्मा १० जना भारतबाट रहेका छन्। दोलखा ३, दैलेख २ जना, बर्दिया १, सिन्धुपाल्चोक १, दाङ १, कालीकोट १, सुर्खेत १ गरी १० जनालाई उद्धार गरिएको छ।

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com
१७ पुस २०७९, आइतबार
1 January 2023, Sunday

सम्पादकीय

## थेग्नैपर्ने अपेक्षाको बोझ

टेलिभिजन प्रस्तोताको जागिर छोडेर राजनीतिमा होमिएको ६ महिनाभित्रै रवि लामिछाने उपप्रधान सहित गृहमन्त्री बनेका छन् । यति छोटो अवधिमै यति ठूलो उपलब्धि संभवतः नेपालका कमै राजनीतिकर्मीले हासिल गरेका छन् । जीन्दगीभर राजनीति गरेर पनि यो तहको भूमिका नपाएका कयौं राजनीतिकर्मी छन् । तर नाटकीय शैलीमा रवि लामिछाने मुलुकको प्रभावशाली राजनीतिकर्मी बनेका छन् । संसदमा २० सिटसहित चौथो राजनीतिक दल बनेपछि रवि लामिछानेले रोजाइको मन्त्री पाएका छन् । पुष्पकमल दाहाल प्रचण्ड नेतृत्वको मन्त्रिपरिषद्मा रवि चौथों बरियताका मन्त्री हुन् । रवि भन्दा माथि विष्णुप्रसाद पौडेल र नारायणकाजी श्रेष्ठ मात्रै छन् । संवैधानिक व्यवस्था अनुसार, २५ सदस्यीय मन्त्रिपरिषद् भन्दा लामिछानेको बरियता धेरै फेरबदल हुने संभावना छैन । किनकि सत्तारूढ दलभित्र रवि तेस्रो ठूलो शक्तिका सभापति हुन् ।

रवि लामिछानेले यति ठूलो सफलता हात पार्नुमा उनीप्रतिको जनविश्वास हो । 'सिधा कुरा जनतासँग' मार्फत् चर्चित टेलिभिजन कार्यक्रम चलाएर रवि आम नागरिकसँग परिचित बनेका थिए । लामिछानेको परिचय ९ वर्ष अगाडि उनी आफैले लामो अन्तर्वार्ता लिएर स्थापित गरेका थिए । गिनिजबुकमा नाम लेखाउनेगरी सवभन्दा लामो अन्तर्वार्ता लिएपछि चिनिन थालेका रवि लामिछाने गएको जेठसम्म टेलिभिजन प्रस्तोता नै थिए । तर स्थानीय चुनावमा गैरदलीय उम्मेद्वारहरूले काठमाडौं महानगर, धरान उपमहानगर, धनगढी उपमहानगरको मेयर जितेपछि रवि लामिछानेले ७ असारमा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) खोलेका थिए । घण्टी चिन्ह लिएर रास्वपा खोलको रवि लामिछानेले ४ मंसिरको चुनावमा समानुपातिकतर्फ नेकपा माओवादी केन्द्रकै हाराहारी मत ल्याए ।

संसदीय समीकरणले पनि रविलाई लाभ पुग्यो । ७८ सिटसहित नेकपा एमाले दोस्रो र ८९ सिटसहित नेपाली कांग्रेस पहिलो दल बन्नु रवि लामिछानेको सत्ता यात्राका निम्ति अनुकुल बन्यो । किनकि कुनैपनि दलको एकल बहुमत आएन । तेस्रो शक्ति माओवादी केन्द्रले ३२ सिट मात्रै ल्यायो । यिनै संसदीय समीकरणले रवि लामिछाने सरकार निर्माणमा निर्णायक बने । रवि लामिछानेले पनि सत्तामा जाने संकेत दिए । अहिले रवि लामिछाने मन्त्रिपरिषद्कै प्रभावशाली र आकर्षक व्यक्ति बन्न पुगेका छन् । मन्त्री बनेपछि हरेक दिन समाचारको विषय बनिरहेका रवि लामिछानेलाई जनअपेक्षा नै आगामी चुनौती देखिन्छ । टेलिभिजन प्रस्तोताका रूपमा रवि लामिछानेले गरेको प्रश्न अब उनीसँग सोधिनेछ । त्यसको जवाफ बोलेर होइन, गरेर देखाउनुपर्नेछ । गृहमन्त्री लामिछानेका रूपमा स्थापित हुन जनअपेक्षाको बोझ पार गन्तव्यसम्म लैजानुपर्नेछ ।

# एमडीएमएस प्रणालीमाथिको बहस

*व्यापारिक प्रयोजनले अवैध भित्र्याउनेलाई रोक्नु त ठीक हो तर, आम सर्वसाधारणलाई निशाना बनाउनु गलत हो । त्यो पनि वैदेशिक रोजगारीमा गएका नागरिकलाई । केही आयातकर्ताहरूले बिक्री बढ्ने लोभले सरकारलाई दबाब दिएको भए त्यो झन् दुःखद विषय हो ।*

अग्रलेख



● नारायण गाउँले

**'श्रमिकले बोक्ने मोबाइलमा सरकारको गिद्धे दृष्टि' जस्ता हेडलाइन पढ्नु नै भयो होला !** यस्ता थुप्रै शीर्षकमा विभिन्न सञ्चारमाध्यमले समाचार तथा रिपोर्ट तयार गरेका छन् । यस्ता समाचार पढ्दा केही अन्योल पनि हुनु भयो होला ! नेपालमा मोबाइल डिभाइस म्यानेजमेन्ट सिष्टम (एमडीएमएस)बारे चर्चा चुलिएको छ । तर, धेरैले यो विषयमा छलफल गर्दा मोबाइलको अर्थशास्त्रलाई भने वेवास्ता गरेका छन् । मोबाइलको अर्थशास्त्र पनि आफैमा अलि जटिल रहेछ । नेपालमा डिजलपछि मोबाइल प्रजाति सबैभन्दा बढी आयात हुने वस्तुमा पर्ने रहेछ । मोटरसाइकल र त्यसमा हाल्ने पेट्रोलभन्दा बढी मोबाइल भित्रिने रहेछ । र, यो बढ्दो क्रममा छ । खतरनाक त के रहेछ भने अलि महँगो फोन र मोटरसाइकलको मूल्य एउटै हुन्छ । भारतीय बजारमा एक लाखसम्ममा मोटरसाइकल पाइन्छ भने सामसुङ र एप्पलका धेरै जसो मोबाइल सेट पनि एक लाख या त्योभन्दा बढी मूल्यका हुन्छन् । घर या परिवारमा एक या दुई मोटरसाइकल हुँदा पाँच वटा जति त मोबाइल नै हुने रहेछ । अझ केही पनि नहुनेसँग पनि मोबाइल हुन सक्ने भो । दुईको आयुमा पनि फरक छ । मोटरसाइकलको आयुभरी तीन/चार वटा मोबाइल जाने रहेछ । मोबाइल बाइकभन्दा महँगो रहेछ । अमेरिकाबाट नेपाल जानेले दुई वटा मोबाइल लैजानु र इण्डियामा काम गर्ने श्रमिकले दुई वटा मोटरसाइकल देश लैजानु आर्थिक दृष्टिले उस्तै देखिने रहेछ ।



खैर, त्यो मोटरसाइकलका लागि बाटो बनाइदिनुपर्ने, त्यसका लागि निरन्तर पेट्रोल आयात गरिदिनुपर्ने, ट्राफिक म्यानेजमेन्ट र त्यसले गर्ने प्रदूषण सहिदिनु पर्ने जस्ता कारणले त्यसमा राज्यले ठूलो कर लिने भो । मोबाइलको थप खर्च नगण्य हुने भो । भनिन्छ, ४० लाखभन्दा बढी नेपाली देश बाहिर छन् । चार लाख जति त कतार भन्ने देशमै रहेछन् । प्रजातन्त्र आए यता ६३ लाख नेपालीले श्रम स्वीकृति लिएका रहेछन् । युरोप, अमेरिका, अस्ट्रेलिया जस्ता देशमा पढ्न जाने र श्रम गर्ने लाखौंले श्रम स्वीकृति लिनुपर्दैन । भारतमा मात्रै २० लाख बढी नेपाली श्रमिक र विद्यार्थी रहेको अनुमान छ । तिनले एक/एक थान मोबाइल सेट लैजाँदा पनि देशमा २०-३० लाख मोबाइल सेट सजिलै भित्रिने रहेछ । आफ्नो बाहेक थप दुई सेट ल्याउन दिने हो भने करोड पुग्ने भो । तीन करोड त जम्मा जनसंख्या हो । करोड मोबाइल भनेको लगभग सिङ्गो बजार हो ।

हामीलाई थाहा छ, देशको आम्दानीले संघ र प्रदेशको तलबभत्ता पनि धान्दैन । तलब खुवाउन देशले ऋण लिनुपर्छ । ऋणको ब्याज र किस्ता तिर्न फेरि ऋण लिनुपर्छ । यस्तोमा हरेक देशले गर्ने भनेको आम्दानी बढाउने र खर्च घटाउने नै हो । के घटाउने त भन्दा सर्प र बिच्छी पाल्न भनेर आफन्तलाई राज्यकोष नबाँड्ने, तलब दिए पछि अनेक थरी भत्ता नदिने, अत्यावश्यकबाहेक कर्मचारी कटौती गर्ने, अनावश्यक विदेश भ्रमण नगर्ने, अनुत्पादक क्षेत्रमा ऋण नलिने आदि नै हो । जुन हामीकहाँ हुने कुरो भएन ।

आम्दानी अर्थात् राजश्व बढाउने उपाय धेरै हुन्छन् । समग्र अर्थतन्त्र अर्थात् जिडीपी नै बढाउने हो भने आम्दानी त्यसै बढ्छ । त्यो मुश्किल काम भयो । तर, सजिलो उपाय भनेको ट्याक्स बढाउने या नयाँ ट्याक्स लगाउने ठाउँ खोज्ने हो । उद्योगधन्दा छैनन्, उत्पादन छैन, मान्छे बेरोजगार छन्, त्यसैले ट्याक्स कहाँ लगाउने त भन्दा आयातमा । सबैभन्दा सजिलो त्यही भयो । भन्सारमा जे बढी भित्रिन्छ त्यसमा आँखा त जाने नै भयो । यसरी मोबाइल आँखामा चढ्यो होला । थोरै भित्रिने वस्तुमा ट्याक्स लगाएर कमाइ नहुने भयो ।

बर्षेनी ४० अर्बभन्दा बढीको मोबाइल भन्सार तिरेर आयात हुँदो रहेछ । तर, सरकारको नजरमा यो आँकडाभन्दा धेरै मोबाइल देशमा अर्को बाटोबाट आइरहेको भन्ने रहेछ । त्यो हो पनि । एअरपोर्टबाट मात्रै होइन, कतिपय व्यापारीले आधा भन्सार तिरेर र आधा त्यसै छिराएको पनि हुन सक्छ । भारतबाट चोर बाटो हुँदै पनि आउन सक्छ । एक त मोबाइलको बढ्दो आयातले देशको बजेट घाटा बढाउँछ, वैदेशिक मुद्राको सञ्चिति घटाउँछ । दोस्रो, राज्यले राजश्व पनि गुमाउने हो भने थप भार पर्न जान्छ । पेट्रोल आयातलाई बिजुलीले विस्थापन गर्न सक्ला, कृषिमा अलि ध्यान दिए तरकारी आयात कम होला तर, मोबाइल आयात तत्काल रोकिने सम्भावना छैन । यो बढ्ने नै हो ।

*देश अहिलेसम्म टाट पल्टिनबाट रोकिएको रेमिट्यान्सले नै हो । देशले रोजगारी र अवसर दिन नसकेकाले मान्छे विदेशिने हो । अब उसैलाई च्याप्ने गरी नियम–कानुन ल्याउनु कदापी तर्कसंगत हुँदैन । यस्ता प्रत्यक्ष असर पर्ने नियम बनाउँदा सरोकारवालासँग 'कन्सल्ट' गर्नु अनिवार्य हुन्छ । जुन अन्य देशमा पनि देखिन्छ ।*

यो क्षेत्र रेगुलेटेड हुनु जरूरी देखिन्छ भन्ने अब तपाईंलाई पनि लाग्यो होला । सरकारको यो चासोपूर्ण गलत होइन । भन्सार तिरेर रजिस्टर्ड भएका मोबाइल मात्रै चल्ने भएपछि व्यापारीले भन्सार तिर्न बाध्य हुने भए । देशमा कति मोबाइल सञ्चालनमा छन् भन्ने स्पष्ट तथ्यांक थाहा हुने भयो र देशको आम्दानी पनि बढ्ने भयो । यहाँसम्म त ठीक छ । तर, रसियन राष्ट्रपति भ्लादिमिर पुटिनको एउटा भनाइ भाइरल थियो, "यो संसारलाई रसिया चाहिन्न भने रसियालाई त्यस्तो संसार पनि किन चाहियो ?" त्यस्तै सरकारले आम्दानी मात्रै हेर्ने तर, आमजनताको चासो, मर्म र लाभ नहेर्ने हो भने त्यो सरकार किन चाहियो ? यहाँनिर भएको यस्तै हो । सरकारले आफ्नो लाभ त हेर्‍यो तर, जनतालाई पर्ने असुविधा हेरेन । व्यापारिक प्रयोजनले अवैध भित्र्याउनेलाई रोक्नु त ठीक हो तर, आम सर्वसाधारणलाई निशाना बनाउनु गलत हो । केही आयातकर्ताहरूले बिक्री बढ्ने लोभले सरकारलाई दबाब दिएको भए त्यो झन दुःखद विषय हो ।

आजभोलि पेशा, व्यवसाय या अन्य कारणले धेरै मानिस एकभन्दा बढी मोबाइल चलाउँछन्, बोक्छन् । हामीकहाँ एउटा सदस्यले परिवारका अन्य दुई/तीन जनाको भरणपोषण गर्नुपर्ने सामाजिक अर्थव्यवस्था पनि छ । जसले गर्दा बाहिर श्रम गरेर फर्किनेहरूले दुई/तीन सेट मोबाइल घर ल्याउनु सामान्य हो । देश अहिलेसम्म टाट पल्टिनबाट रोकिएको रेमिट्यान्सले नै हो । देशले रोजगारी र अवसर दिन नसकेकाले मान्छे विदेशिने हो । अब उसैलाई च्याप्ने गरी नियम-कानुन ल्याउनु तार्किक पनि हुँदैन । यस्ता प्रत्यक्ष असर पर्ने नियम बनाउँदा विश्वमा कतिपय देशमा सरोकारवालासँग 'कन्सल्ट' गर्ने चलन छ । हामी पनि गर्न सक्छौं । एउटा नयाँ मोबाइलको समेत फर्म भर्नेदेखि भन्सार तिर्न पर्ने, अनेक थरी प्रशासनिक झन्झट व्यहोर्नुपर्ने व्यवस्था जसले सोचेको भए पनि व्यवहारिक होइन । धेरै दिन सकिन्न भने एउटा पुरानो र एउटा नयाँमा कुनै भन्सार तिर्न, झिटीगुन्टा भनेर घोषणा गर्न नपर्ने व्यवस्था गरौं । भन्सार तिरेपछि थप दुई वटा सेट ल्याउन दिंदा राज्यको के जान्छ भन्ने बुझ्न सकिएन । उल्टो देशको वैदेशिक मुद्रा बच्छ ।

रेमिट्यान्स पठाउने हुनाले हामीले कर नै तिर्न पर्दैन जस्तो सोच राख्नु पनि सही होइन । राज्य पनि चुत्थो व्यापारी बन्न सही हुँदैन । फेरि यो प्रशासनिक झन्झटले पर्यटकलाई पनि निरुत्साहन गर्न सक्छ । कम्तिमा राजश्वको अलिकति रकम विकासमा खर्च हुने भए पनि ठीकै छ भन्न हुन्थ्यो । अहिले त त्यो पनि छैन । आफ्नो तलब खान जनताको रगत निचोर्नुहुन्न भन्ने ख्याल हाम्रा शासकमा हुनु पर्‍यो । हामीले पनि विदेशमा दर्ता गर्नुपर्दैन, लान-ल्याउन पाइन्छ जस्तो एकोहोरो तर्क गर्न भएन । हाम्रो जस्तो आयातको ठूलो हिस्सा ती देशमा मोबाइलले नओगटेको होला । तिनको बजार हात्ती जस्तो र मोबाइल कमिलो जत्रो होला । हाम्रो उल्टो छ । विरोध त गरियो, सरकारको कानसम्म पनि पुगिसक्यो । अब, समाधानका मध्यमार्गी उपाय पनि राखौं । अहिलेको आवश्यकता यही हो ।

सामाजिक सञ्जाल



- डा. जागेश्वर गौतम

यसपटक पनि गहिरिएर नसोच्ने हो भने माधव नेपाल त सिद्धिनु भो भो यसमा कुनै पछुतो नमानौला, पछुतो यसमा छ कि केही दर्जन असल नेतालाई उहाँले तानेर डुबाउनु हुने भो ! तसर्थ, एमालेमा भित्रिन चाहानेले आजै पहलकदमी लिनुपर्छ । मौकाले पर्खेर बस्दैन । यो अर्ति चाहिँ होइन, शुभेच्छा मात्र हो ।



- मानवी पौडेल

माधव नेपाललाई राष्ट्रपति बनाइँदै भन्ने हल्ला किन ? केका लागि र कसले फिजाईंरहेछ ? अहिलेका लागि माधव नेपाललाई पदलुप्सा र आसेपासेको पछि लागेर पार्टी फुटाएर अस्थिर राजनीतिको बिजारोपण गर्ने पात्रको नाममा पश्चाताप गर्ने अवसर दिने की राष्ट्रपतिको पुरस्कार ?



- राधाकृष्ण कटवाल

नेपालमा कयौं कानूनविद् र शिक्षाविद्हरू छन तर, न देशको कानून व्यवहारिक छ न त शिक्षा नै ! कानूनमा भएका अनेकौं छिद्रा त्रुटीहरूले विकासका आयोजना प्रभावितदेखि अनाहकमा कतिपय नागरिक जेलजिवन बिताइरहेछन् भने शिक्षा व्यवहारिक नहुँदा लाखौं युवाशक्ति बेरोजगार बनिरहेका छन् । जिम्मेवारी कसको हो ?



- सेतेमान तामाङ

संगठन बलियो भए सत्ता प्राप्त गर्न सकिन्छ । सत्ताको नेतृत्व प्राप्त गराउने हतियार नै संगठन बलियो बनाउनु हो । संगठन बलियो बनाउन संगठन सुदृढीकरण गराउनुपर्छ । संगठन सुदृढीकरण गराउने विधि नै वैचारिकरूपमा प्रशिक्षित बनाउनु हो । जो सैद्धान्तिकरूपमा प्रशिक्षित ऊ सधैं विचारप्रति प्रतिबद्धता हुन्छ ।



- गोकुलप्रसाद बाास्कोटा

किसानले मलमा सास्ती व्यहोरेको दुई वर्ष भैसक्यो । तर, नयाँ सरकारको पछ्यौरी मोबाइल सेटमा अल्झे जस्तो छ । एमडीएमएस प्रणालीले सेट दर्ताको प्रबन्ध गर्ने हो, कति ल्याउने नल्याउने कोटा तोक्ने व्यवस्था गरेको छैन । त्यो सरकारको कुरा हो । मल चाहियो किसानलाई, त्यो सरल ढंगले पाउने प्रबन्ध गर पहिला ।

# माओवादीलाई अर्को अवसर

विचार



● लेखराज रेग्मी

*ओली र प्रचण्डबीचको दुरीको मुख्य कारण टिआरसी नै थियो । ओली टिआरसीकै माध्यमबाट माओवादीलाई हदैसम्म लतारेर आत्मसमर्पणको स्थितिमा पुर्‍याउन चाहन्थे । जुन माओवादीको लाइफलाइन नै सिध्याउने खेल हुन्थ्यो । सायद एमालेले अबमूल्यन गर्‍यो । आज कांग्रेसले फेरि त्यहि गल्ती दोहोर्‍यायो । जहाँ बाह्य शक्ति पनि हाबी भए । अहिले पुनः त्यो अवसर आएको छ । सायद, यसपटक माओवादीले आफ्नो तर्फबाट गल्ती दोहोर्‍याउने छैन ।*

यसपटक सत्ता गठबन्धन फेरिएको छ । कांग्रेस र माओवादीको एकतालाई मतले उनीहरुका वर्गीय पक्षधरताका प्रतिनिधि जनमतले नरुचाउनु स्वभाविक थियो । कांग्रेस संसदमा रहेको कमजोर स्थितिको लाभ मिल्नसक्ने र टिआरसी टुङ्गो लाग्ने आशा र अपेक्षा माओवादी नेतृत्वको प्राथमिकतामा थियो । केपी शर्मा ओली र पुष्पकमल दाहाल 'प्रचण्ड'को दुरीको मुख्य कारण पनि टिआरसी नै थियो । ओली माओवादीलाई हदैसम्म लतारेर आत्मसमर्पणको स्थितिमा पुर्‍याउन चाहन्थे । यो त माओवादीको लाइफलाइन नै सिध्याउने खेल हुन्थ्यो । सायद एमालेले अबमूल्यन गर्‍यो । कांग्रेसले फेरि त्यहि गल्ती दोहोर्‍यायो ।

एकताको मर्म विपरित प्रतिगामी कार्य दिशामा पुर्‍याउन गरिएका मेहनतहरुलाई आफ्नो शक्ति बुझ्ने गल्ती ओलीले गरे र दम्भपूर्ण ढंगले संसद विघटन गर्न पुगे । जब चुनाव फलदायी नहुने लक्षण देखियो नेपथ्य पनि तर्सियो । शेरबहादुर देउवा गठबन्धनको लागि र सरकारको नेतृत्व गर्न तयार भए । नेपथ्य प्रचण्ड र माओवादीलाई सिध्याउन देउवालाई उकास्ने र घेराबन्दी गर्नेमा जुट्न थाल्यो । यो समय कांग्रेसभित्रको कोइराला परिवारले आफ्नो पुनर्स्थापनाको लागि अनुकुल ठान्यो र देउवा विरोधी खेलमा लाग्यो । निर्वाचन परिणाम पछि हौसिएका देउवा यावत स्थितिप्रति बेखबर नै रहे । जनमतले बाम विभाजन मन पराएन । तर, ओली माओवादीको प्रतिकुलता आफ्नो लागि पनि प्रतिकुलता हो भन्ने बुझ्न सकिरहेका छैनन् । ओली अनायास बाम एकताको लागि आएका दबाबलाई कुटनैतिक ढंगले पन्छाउन खोजे । उनलाई माओवादी-कांग्रेस सत्तागठबन्धन टुटिहाले पनि प्रचण्डसँग सहकार्य होला भन्नेमै थिएनन् । पश्चिमाहरुलाई पनि यस्तै लागेको थियो । प्रचण्ड-देउवालाई घुर्क्याउन एमाले कार्ड खेलिरहेका छन् भन्ने भ्रम ओली र देउवालाई थियो । बाह्य शक्ति पनि यही भ्रममा परे । तर, यसपटक ओली र प्रचण्ड बाध्यात्मक कारणले जोडिन पुगे । जनमत र कार्यकर्ता झुकाब नै यस्तो दबाब थियो जसले यो स्थितिमा दुवैलाई पुर्‍यायो । देउवा अल्पमत सरकारको दुई वर्षे चिट्ठामा मख्ख थिए, साथै सरकार बनिसकेपछि एमालेले ३० दिने ग्रहण कटाइदिने हिसाब किताब गरेरै माओवादीलाई पेलेर आफ्नो आन्तरिक दबाब व्यवस्थापन गर्न चाहन्थे । यहिँनेर उनी फेल भए ।

ओली एक्लै चुनावमा जाने र बाम जनमतमा माओवादीलाई बदनाम गराउने र चुनाव जितेर पूर्ण बहुमत सरकारसहित पश्चगामी एजेण्डामा जाने तथा फासिवादी ढंगले शक्ति आर्जन गर्ने ध्याउन्नमा थिए । उनको सरल सुत्रअनुसार बाम जनमतले उनको बाम ट्रेडमार्कभित्रको प्रतिगामी खेललाई सघाउने छ भन्ने सोंचे र बाह्य सहयोगमा आजीवन शानदार सत्ता चलाउने सपना देखे । संसद विघटनको कारण पनि यही नै थियो । तर, नियती त्यसरी फेरिएन ।

निर्वाचन परिणामले हौसिएको कांग्रेस र नेपथ्य फेरि कृयाशिल भयो । कांग्रेसभित्रको कोइराला परिवारवादको महत्वाकांक्षा र आफ्ना एजेण्टमार्फत कांग्रेसलाई गठबन्धनबाट अलग राखेर ओलीको समर्थनमा गगन थापाको नेतृत्वमा एकल सरकार बनाएर अनुकुलतामा सरकार बनाउने चलाउने एजेण्डा त्यतिबेला पहिलो पटक हार्‍यो जब देउवा संसदीय दलको नेता बने । तर, उनीहरु देउवालाई त्यही डिजाइनमा खेलाउन दबाबको खेल खेल्न थाले । तथ्यहरुले यही नै देखाए । यही बिचमा ओलीमाथि पारिरहेको एमाले माओवादी सहकार्यको दबाबलाई बाह्य शक्तिले मिनिमाइज गर्‍यो । यसले नेकालाई भित्तामा पुगेको पत्तै भएन ।

ओलीमाथि यतिबेला सबैभन्दा ठूलो संसदीय दल बन्ने र कांग्रेसको हातबाट त्यो पनि खोस्ने दिशामा दबाब बढेको छ । यसमा दक्षिण र पश्चिमले त्राण खोजिरहेको छ । यसले माओवादीलाई दबाब र सन्तुलनमा राख्न पनि सहयोग पुग्ने एकथरी आंकलन छ । प्रचण्ड र माओवादी यतिबेला दम्भबाट बच्न र सचेततापूर्वक कुटनैतिक कुशलता प्रदर्शन गर्न सकेन भने ३० दिन पनि प्रतिकुल बन्न सक्छन् । एकिकृत समाजवादी, राष्ट्रिय जनमोर्चा र जनता समाजवादी पार्टीसँग समेत विश्वास कायम गर्न सक्नुमा मात्रै निकाश छ । हेरौं, सायद यसपटक माओवादीले गल्ती दोहोर्‍याउने छैन ।

**(लेखक रेग्मी माओवादी केन्द्र निकट मानिन्छन् ।)**

## तपाईंको राशिफल

| | |
|---|---|
| मेष | : पुराना कार्य सम्पन्न हुनेछ । भवन निर्माण कार्यमा खर्च हुन्छ । |
| वृष | : दैनिक जीवन सुखी रहनेछ । सन्तुलित आहारमा ध्यान दिनुहोला । |
| मिथुन | : भाग्यमा बृद्धि हुन्छ । नयाँ सम्पर्क बन्ने छ । |
| कर्कट | : पेटसम्बन्धी समस्याको योग छ तर, आर्थिक कार्यमा अनुकूल प्रगति हुनेछ । |
| सिंह | : बाहिरी सहयोगमा कमी रहन्छ । कुनै पनि कार्यमा हतार नगर्नूहोला । |
| कन्या | : शुभ समाचार प्राप्त हुनेछ । व्यवसायिक यात्रा सफल हुने देखिन्छ । |
| तुला | : जग्गा खरिद हुने योग छ । सम्मानमा वृद्धि हुनेछ । |
| वृश्चिक | : बाहन सावधानी जरूरी छ । राजनीतिक कार्य सफल हुने योग छ । |
| धनु | : नयाँ काम बन्ने छ तथा बाहिरी सम्बन्ध राम्रो रहन्छ । |
| मकर | : प्रयास सफल तथा धन आर्जन हुने योग छ । |
| कुम्भ | : स्वास्थ्य गडबड हुने योग । चिन्तामा वृद्धि हुनेछ । |
| मीन | : सुख सुविधामा वृद्धि हुनेछ । नयाँ सम्पर्क बन्नेछ । |



*आचार्य श्री स्वामी ध्रुव (माइन्ड मैनेजमेन्ट गुरू)*
*इन्टरनेशनल एस्टोलोजिकल फोरम । सानेपा, काठमाडौं, नेपाल*
*फोन : ९८४१५९२५५२, इमेल : dhruvswamig@gmail.com*

# क्रोएशियालाई सीमाविहीन युरोप समूहमा मान्यता, युरोको प्रयोग शुरु

**काठमाडौं/एजेन्सी–** क्रोएशियाले शनिबार रातिदेखि युरोपको राहदानी-मुक्त क्षेत्रमा प्रवेश गरेको छ। लगभग एक दशक अघि ईयूमा सामेल भएपछि क्रोएशियाको लागि यूरोपमा पासपोर्टबिना यात्रा गर्न पाइने अवसर र युरोपको संयुक्त मुद्रा युरो कारोबार गर्न पाउनु तत्काल यसका लागि दुई प्रमुख लाभ हुनेछन्।

स्थानीय समयानुसार शनिबार ११ बजे बाल्कन राष्ट्रले आफ्नो कुना मुद्रा प्रयोगलाई अन्त्य गर्नेछ र युरो क्षेत्रको २० औं सदस्य बन्नेछ। यो विश्वको सबैभन्दा ठूलो पासपोर्ट मुक्त सेन्जेन क्षेत्रको २७ औं राष्ट्र पनि हुनेछ। यसले ४० करोडभन्दा बढी आफ्ना नागरिकलाई आफ्ना सदस्यहरूको वरिपरि स्वतन्त्र रूपमा हिँडडुल गर्न सक्षम बनाउनेछ। रुसले युक्रेनमाथि गरेको आक्रमणले खाद्यान्न र इन्धनको मूल्य नियन्त्रणभन्दा बाहिर गएपछि विश्वव्यापी मुद्रास्फीति बढिरहेको बेला युरोको प्रयोगले क्रोएशियाको अर्थतन्त्रलाई जोगाउन मद्दत पुग्ने विज्ञहरूले बताएका छन्।

तर यसबारे क्रोएसियालीबीचको भावना मिश्रित छ। उनीहरू सीमा नियन्त्रणको अन्त्यको स्वागत गरेका छन् तर केहीले युरोको शुरूवातको बारेमा चिन्ता गरेका छन्। क्रोएसियाको दक्षिणपन्थी विपक्षी समूहले यसले जर्मनी र फ्रान्सजस्ता ठूला देशहरूलाई मात्र फाइदा पुऱ्याउने तर्क राख्दै आएका छन्।




जाग्रेबका ६३ वर्षीय निवृत्तिभरण बुझ्दै आएका ड्राजेन गोलेमाकले भने, 'हामी हाम्रो मुद्रा (कुना) को प्रयोगको अन्त्यका कारण पछुताउनु पर्नेछ। किनकि यूरोको प्रयोगले देशमा मूल्य वृद्धि निम्त्याउनेछ।' यद्यपि, उनकी पत्नी सान्ड्राले 'युरो बढी मूल्यवान् छ' भन्दै आफ्ना पतिको भनाइप्रति तत्काल असहमति जनाइन्।

'जनवरी १ मा केही पनि परिवर्तन हुँदैन, सबै दुई दशकको लागि यूरोमा गणना गरिन्छ,' क्रोशियाली कर सेवाका कर्मचारी नेभेन बेनिकले भने। अधिकारीहरूले युरोजोन र सेन्जेनमा सामेल हुने निर्णयको बचाउ गरेका छन्। त्यस्तै, प्रधानमन्त्री आन्द्रेज प्लेन्कोभिकले बुधबार भने, 'बृहत् ईयु एकीकरणका दुई रणनीतिक लक्ष्यहरू थिए।'

सन् १९९० को दशकमा ३९ लाख जनसंख्या भएको युगोस्लाभियाली गणतन्त्र क्रोएसिया सन् २०१३ मा युरोपेली संघमा सामेल भएको थियो। युरो पहिलेदेखि नै क्रोएशियामा धेरै हदसम्म प्रचलनमा रहेको छ। करिब ८० प्रतिशत बैंक डिपोजिट यूरोमा अंकित छ र जाग्रेबका मुख्य व्यापारिक साझेदारहरू यूरो क्षेत्रमा रहेका छन्।

स्थानीय मुद्रामा विश्वासको कमी देखाउँदै क्रोएसियालीहरूले लामो समयदेखि आफ्नो कार र अपार्टमेन्टहरूजस्ता सबैभन्दा मूल्यवान सम्पत्तिहरू यूरोमा मूल्यांकन हुँदा मूल्यवान् हुने बताएका छन्।

'निश्चित रूपमा युरोले (आर्थिक) स्थिरता र सुरक्षा ल्याउँछ,' क्रोएसियाको राष्ट्रिय बैंक (एचएनबी) की एना साबिकले एएफपीसँग भने। विज्ञहरुका अनुसार युरोको प्रयोगले आर्थिक कठिनाइका बीच ऋणको अवस्था घट्नेछ।

क्रोएसियाको मुद्रास्फीति दर नोभेम्बरमा १३.५ प्रतिशत पुगेको छ भने युरो क्षेत्रमा मुद्रास्फीति १० प्रतिशत पुगेको छ। पोल्याण्ड वा हंगेरीजस्ता युरोक्षेत्र बाहिरका मुद्रा भएका पूर्वी युरोपेली संघका सदस्य राष्ट्रहरू बढ्दो मुद्रास्फीतिको चपेटामा परेको विश्लेषकहरू बताउँछन्।

सेन्जेन सीमारहित क्षेत्रमा क्रोएशियाको प्रवेशले एड्रियाटिक राष्ट्रको प्रमुख पर्यटन उद्योगलाई पनि बढावा दिनेछ, जसले यसको कुल गार्हस्थ उत्पादनको २० प्रतिशत हिस्सा ओगटेको छ।

युरोपेली संघका सदस्य राष्ट्र स्लोभेनिया र हंगेरीसँग ७३ वटा स्थल सीमा नाकामा लामो लाइन लाग्नु क्रोस्एशियाका लागि इतिहास बन्नेछ। प्राविधिक समस्याका कारण विमानस्थलमा मार्च २६ मा मात्र सीमा जाँच सकिँदैछ।

क्रोएसियाले युरोपेली संघ बाहिरका छिमेकी बोस्निया, मोन्टेनेग्रो र सर्बियासँगको पूर्वी सीमामा अझै कडा सीमा जाँच लागू गर्नेछ। क्रोएशियाको यो प्रवेशसँगै एक हजार ३५० किलोमिटर (करिब ८४० माइल) मा रहेको इयूको सबैभन्दा लामो बाह्य सीमाको रक्षाका लागि अवैध आप्रवासनविरुद्धको लडाइँ मुख्य चुनौती बनेको छ।

# ब्राजिलका राष्ट्रपति विदेश पलायन



**काठमाडौं/एजेन्सी–** ब्राजिलका निवर्तमान राष्ट्रपति जायर बोल्सोनारोले आफ्नो उत्तराधिकारीको सपथ लिनुभन्दा दुई दिनअघि र आफ्ना अनुयायीहरूलाई रुँदै बिदाइ गरेको केही समयपछि शुक्रबार अमेरिका पलायन भएका छन्।

उनले आफ्नो चुनावी हार स्वीकारेका छैनन्। उनले स्थानीय समयअनुसार अपराह्न २ बजे वायु सेनाको विमानबाट अमेरिकाको फ्लोरिडाका लागि प्रस्थान गरेको विभिन्न सञ्चारमाध्यमले जनाएका छन्। सिएनएन ब्राजिलले बोल्सोनारोलाई उद्धृत गर्दै भनेको छ, 'म उडिरहेको छु, म चाँडै फर्कनेछु।' 'एभिएसन ट्र्याकिङ वेबसाइट फ्लाइटअवेयर'का अनुसार उनको विमान स्थानीय समयअनुसार शनिबार राति ९ बजेपछि ओर्लान्डोमा अवतरण गरेको थियो।

यसको अर्थ उनले आइतबारको सपथ ग्रहण समारोहमा भाग लिनुहुने छैन अर्थात् उनले नवनिर्वाचित राष्ट्रपति लुइज इनासियो लुला डा सिल्भालाई पदभार हस्तान्तरण गर्ने छैनन्।

बोल्सोनारो प्राविधिक रूपमा थप दुई दिनका लागि राष्ट्रपति भने रहिरहने छन्। आरएनआर टेलिभिजनका अनुसार उनको कार्यकालमा उपराष्ट्रपति रहेका ह्यामिल्टन मौराओ अहिले कार्यवाहक राष्ट्रपति रहेका छन्।

बोल्सोनारोको भ्रमणको समय र उद्देश्यबारे एएफपीले सोधेको प्रश्नको जवाफ राष्ट्रपतिले दिनचाहेनन्। यसअघि शुक्रबार बोल्सोनारोले सामाजिक सञ्जालमा प्रत्यक्ष प्रसारण भएको एक सम्बोधनमा आफ्ना समर्थकलाई 'जनवरी १ मा लुलाले राष्ट्रपतिको कार्यभार सम्हाल्दा संसारको अन्त्य हुने छैन' भनेका थिए। उनले भने, 'हाम्रो भविष्य राम्रो छ। अहिलेलाई युद्ध हारेको जस्तो भएको छ, तर हामी युद्ध हार्ने छैनौं।'

# कम्बोडियाली क्यासिनोमा आगलागी विद्युतीय खराबीका कारण



**काठमाडौं/एजेन्सी–** कम्बोडियाली अधिकारीहरूले क्यासिनोमा भएको आगलागी विद्युतीय खराबीका कारण भएको बताएका छन्। क्यासिनोमा भएको भीषण आगलागीबाट मृत्यु हुनेको सङ्ख्या आइतबारसम्म २६ पुगेको पुष्टि गरिएको छ।

थाइल्याण्डको सीमा नजिकै रहेको पोइपेट शहरमा रहेको ग्रान्ड डायमन्ड सिटी होटल क्यासिनोमा स्थानीय समयअनुसार बुधबार राति ११:३० बजे आगलागी भएको थियो।

यो अग्लो भवन रहेको क्यासिनो-होटल परिसरमा फैलिएको आगलागीमा समयमै उद्धार गर्न नसक्दा मानिसहरू आगोबाट बच्नका लागि किनारा र झ्यालबाट हामफाल्न बाध्य भएको उद्धारकर्मीहरूले बताएका छन्।

राष्ट्रिय विपद् व्यवस्थापन समितिका उपाध्यक्ष कुन किमले आगलागीको कारण 'विद्युत् चुहावट' भएर दुर्घटना भएको बताए। आगलागीमा परी १७ जना थाइल्याण्डबासी, एक जना मलेसियाली र एक जना नेपाली गरी २६ जनाको मृत्यु भएको उनले पुष्टि गरे। उनले भने, 'केही मानिस जलेर, केही अक्सिजनको अभावमा र केही बाहिर निस्कने बाटोमै धुँवाले निस्सासिएर मृत्यु भएको थियो।'

होटल-क्यासिनोको जटिल लेआउट र उद्धार उपकरणको अभावका कारण अधिकारीहरूले आगो निभाउन निकै लामो समय लागेको उनले बताए। कम्बोडियाका आपतकालीन टोलीले शुक्रबार साँझ रात परेपछि आफ्नो उद्धार प्रयास अन्त्य गरिएको बताउँदै किमले भने, 'टोलीले परिसरको सबै भागमा खोजी गरेको थियो।'

आफ्नो उपनाम मात्र दिएका ४२ वर्षीय थाई क्यासिनो कामदार नेउङले दुई महिलालाई भाग्न सहयोग गरेपछि होटलको कोठामा आफ्नो बुबाको मृत्यु भएको बताए। उनले भने, 'उनीहरूलाई सहयोग गर्न उहाँले धेरै ऊर्जा प्रयोग गर्नुभयो तर आफु भने धुवाँले निस्सासिएर बित्नुभयो।'

उनले एएफपीसँगको कुराकानीमा भने, 'अब म उहाँको शवको प्रतीक्षामा मात्र रहेको छु।' घाइतेमध्ये धेरैको थाई अस्पताल र चिकित्सकहरूले उपचार गरेका थिए। थाई नागरिकहरूले कम्बोडियाली आपतकालीन टोलीहरूलाई खोजी र उद्धार कार्यमा सहयोग गरेका थिए।

थाइल्याण्डका अधिकारीहरूले शुक्रबार ५० जनाभन्दा बढीलाई अस्पताल भर्ना गरिएको र १३ जनाको अवस्था गम्भीर रहेको बताएका छन्। कम्बोडियाली अधिकारीहरूले होटल मालिकहरूविरुद्ध मुद्दा लगाउने विषयमा छलफल भइरहेको बताएका छन्।

# अरब क्षेत्रको एकतिहाइ जनसंख्या गरिबीबाट प्रभावित

**काठमाडौं/एजेन्सी–** अरब क्षेत्रको एक तिहाइ अर्थात् १३ करोड जनसंख्या गरिबीको रेखामुनि रहेको अध्ययनले देखाएको छ। संयुक्त राष्ट्रसंघीय आर्थिक तथा सामाजिक आयोग (ईएससीडब्लुए) ले शुक्रबार सार्वजनिक गरेको एक सर्वेक्षणले खाडी सहयोग परिषद् (जीसीसी) सदस्य राष्ट्र र लिबियाबाहेक अरब क्षेत्रको एक तिहाइ जनसंख्या गरिबीबाट प्रभावित गरेको जनाएको छ।

'अरब क्षेत्रमा आर्थिक र सामाजिक विकासको सर्वेक्षण' नाम दिइएको उक्त प्रतिवेदनमा भनिएको छ, 'राष्ट्रिय गरिबीको रेखामा मापन गरिएको गरिबीले अरब मुलुकका १३ करोड मानिसलाई असर गरेको छ। सर्वेक्षणले आगामी दुई वर्षमा गरिबीको स्तर अझ बढ्ने र सन् २०२४ सम्ममा ३६ प्रतिशत जनसंख्यामा पुग्ने अपेक्षा गरेको छ।'

यसबाहेक, अरब क्षेत्रमा सन् २०२२ मा विश्वको सबैभन्दा उच्च बेरोजगारी दर १२ प्रतिशत रहेको सर्वेक्षणले देखाएको छ। कोभिड-१९ पछिको आर्थिक पुनरूत्थान प्रयासका कारण सन् २०२३ मा ११.७ प्रतिशतमा झरेको छ।

सन् २०२३ मा यस क्षेत्रको आर्थिक वृद्धिदर ४.५ प्रतिशत र सन् २०२४ मा ३.४ प्रतिशत रहने अनुमान गरिएको छ। सर्वेक्षणका प्रमुख लेखक अहमद मौम्मीले जीसीसी र अन्य तेल निर्यातक देशहरूले उच्च ऊर्जा मूल्यबाट लाभ उठाउन जारी राख्ने बताएका छन्। तेल आयात गर्ने देशहरूले बढ्दो ऊर्जा लागत, खाद्य आपूर्तिको कमी र पर्यटन तथा अन्तर्राष्ट्रिय सहायता प्रवाह दुवैमा गिरावटसहित धेरै सामाजिक आर्थिक चुनौतीहरूको सामना गर्नेछन्।

मौम्मीले तेल निर्यात गर्ने अरब देशहरूले समावेशी वृद्धि र दीगो विकास सिर्जना गर्ने परियोजनाहरूमा लगानी गरेर ऊर्जा क्षेत्रबाट टाढा आफ्नो अर्थव्यवस्थालाई विविधीकरण गर्नुपर्ने उल्लेख गरे।

# म्यान्मारका शरणार्थीको सुरक्षाका लागि पहल गर्न आह्वान



**काठमाडौं/एजेन्सी–** संयुक्त राष्ट्रसंघीय मानवअधिकार प्रमुख भोल्कर तुर्कले जोखिमपूर्ण समुद्री यात्रा गरेर आफ्नो ज्यान जोखिममा राखेर जीवन जोखिममा परेका हजारौं रोहिंग्याको सुरक्षाका लागि समन्वयात्मक क्षेत्रीय दृष्टिकोण अपनाउन आह्वान गरेका छन्।

उनले भने, 'सन् २०२२ मा मात्रै दुई हजार ४०० भन्दा बढी रोहिंग्याले बङ्गलादेश र म्यान्मार छोड्न खोजेका छन्। उनीहरूमध्ये २०० भन्दा बढीले बाटोमै ज्यान गुमाएकोमा म अत्यन्त दुःखी छु।'

'हालैका रिपोर्टहरूले रोहिंग्याहरूलाई बोक्ने भीडभाड र असुरक्षित डुङ्गाहरू कुनै पनि सहायता बिना नै धेरै दिनसम्म चल्न छोडेको संकेत गर्दछ,' तुर्कद्वारा उच्चायुक्तको संयुक्त राष्ट्रसंघीय मानव अधिकार कार्यालयमा जारी एक विज्ञप्तिमा भनेका छन्।

'समुद्रमा संकट जारी रहँदा म यस क्षेत्रका देशहरूलाई सक्रिय खोजी र उद्धार, रोहिंग्या शरणार्थीहरूलाई उनीहरूको भूमिमा अवतरण र उनीहरूको प्रभावकारी सुरक्षा सुनिश्चित गर्न समन्वय संयन्त्र स्थापना गर्न आग्रह गर्दछु,' उनले भने। उनले यस अभियानमा केही राज्यहरूले पहिले नै सहयोग प्रदान गरिसकेका बताए।

मानव अधिकार उच्चायुक्तले सन् २०१७ देखि बंगलादेशमा सुरक्षाको माग गरिरहेका १० लाखभन्दा बढी रोहिंग्या शरणार्थीलाई सहयोग गर्न यस क्षेत्र र विश्वका देशहरुलाई आह्वान गरेको छ। उनले भने, 'म्यान्मारको पूर्ण र समान नागरिकको रूपमा उनीहरूको मर्यादा र मानव अधिकारको पूर्ण सम्मानका साथ सबै रोहिंग्यालाई स्वेच्छिक रूपमा स्वदेश फर्काउनका लागि तत्काल समाधान खोज्नुपर्छ।' संयुक्त राष्ट्रसंघका अनुसार रिपोर्टिङ अवधिमा म्यान्मारभित्र अनुमानित १४ लाख ७३ हजार आन्तरिक रुपमा विस्थापित नागरिक रहेका छन्, जसमध्ये ११ लाख ४३ हजार मानिस सन् २०२१ को फेब्रुअरी १ पछि विस्थापित भएका हुन्।

**Thatikandh Rural Municipality**

**Office of the Rural Municipality Executive**

**Lakandra, Dailekh**

**Karnali Province, Nepal**

**INVITATION FOR ONLINE BIDS**

**Date of publication: - 28-12-2022 (2079/09/13)**

1. Thantikandh Rural Municipality, Office of the Municipal Executive Office, Lakandra Dailekh invites Open Competitive Bidding from the eligible bidders for the construction of works given in table below under National Competitive Bidding Procedures.
2. Bid Document can be downloaded from website **www.bolpatra.gov.np/egp**. Amendment (s), if any shall be issued only on above website.
3. Eligible Bidders may obtain further information at the office of peoples' Thatikandh Rural Municapality Dailekh, website: **thntikandhmun.gov.np** or may visit PPMO website **www.bolpatra.gov.np/egp.**

| S N. | Contract ID | Description of Work | Estimated Cost Excluding VAT And ps (Nrs.) | Bid Security Amount (NRs.) | Bid validity/Bid Security Period /Price of Bid Document (NRs.) |
|---|---|---|---|---|---|
| 1 | TRM/DLK/ NCB/TBDKSNS /02-2079/080 | Thatikandh Bijare Dhankot Kandh Sadak Naya Nirman And Staronati . | 1,18,80,378.30 | 3,35,000.00 | 90 days/ 120 days/3000 |

**Chief Administrative Officer**

**चिचिला गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालय**

**(सामान्य प्रशासन शाखा)**

**चिचिला, संखुवासभा**

**१ नं. प्रदेश, नेपाल**

**प्रकाशित मिति :- २०७९/०९/१७**

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

यस कार्यालयबाट तपसिल बमोजिमको कार्य गर्न मिति २०७९/०८/०२ गते राष्ट्रिय दैनिकमा प्रकाशित बोलपत्र आव्हान गरिए बमोजिम देहाय अनुसार ठेक्कामा निम्न बोलपत्र न्यूनतम मूल्याङ्कित सारभूत रूपमा प्रभावग्राही देखिएको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ (२) को प्रयोजनार्थ तपसिल बमोजिम बोलपत्र स्वीकृत आशयको सूचना प्रकाशित गरिएको छ।

**तपसिल**

| क्र. सं. | ठेक्का नं. | कार्य विवरण | स्वीकृत बोलपत्र दाताको नाम र ठेगाना | स्वीकृत रकम (भ्याट सहित) | कैफियत |
|---|---|---|---|---|---|
| १. | CRM/W/NCB /R/1/079-080 | "Construction of Chichila -Dewa Bajar Road upgradation works, Chichila -1, Sankhuwasabha, Nepal" | KRITI SHRADDHA NIRMAN SEWA PVT. LTD. KHADBARI-1, BUDDHA TOLE, SANKHUWASABHA | रु.८७,८०,४८४.७१ (अक्षरेपि रु. सतासी लाख अस्सी हजार चार सय चौरासी रुपैयाँ, एकहत्तर पैसा मात्र) | |

**प्रमुख प्रशासकीय अधिकृत**

# बक्स अफिस समाचार

## ‘लगानीको उचित मूल्यांकन र सदुपयोग भएन’

अमेरिकाको बोष्टन राज्यमा बसोबास गर्दै आएकी लोकप्रिय गीतकार, कवयत्री, साहित्यकार तथा चलचित्र निर्मात्री अनुराधा शाह नेपाली गीतसंगीत र साहित्यकी धरोहर हुन् । विद्यालय जीवनदेखि नै राष्ट्रिय नाँचघरमा नाटक प्रस्तुत गर्ने, रेडियो नेपाल र रंगमञ्चमा अभिनय गर्न शुरु गरेकी शाह कुनै समय एक कुशल मोडल र पत्रकारको रुपमा समेत देखापरेकी थिइन् । काठमाडौं सितापाइलामा जन्मिएकी अनुराधा शाह उच्च शिक्षा हासिल गर्न अमेरिका पुगेकी थिइन् । उनले अमेरिकाको नर्थ वेस्टर्न विश्वविद्यालयबाट बाल मनोविज्ञानमा स्नातकोत्तर गरेकी छन् । गीतकार संघको आजीवन सदस्य रहेकी शाह राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ, संस्थाहरु, अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज “अनेसास” र ज्योति साहित्य प्रतिष्ठानको लाइफटाइम मेम्बर हुन् । रेडियो हिमालयनको गार्जेन मेम्बरसमेत रहेकी बहुप्रतिभाकी धनी **अनुराधा शाह**ले **मध्यान्ह दैनिक**का लागि **सानु श्रेष्ठ**सँग गरेको संक्षिप्त कुराकानीको सम्पादित अंश :



**पछिल्लो दिनचर्या कसरी बित्दैछ ?**

केही समयमात्र भयो म नेपाल फर्किएको, नेपाल आएलगतै आफ्ना श्रोताहरुलाई केही नयाँ कोसेली पस्किउँ भनेर गीतसंगीतको काममा नै व्यस्त छु ।

**कहिलेबाट यो क्षेत्रमा लाग्नु भयो र अहिलेसम्म कति जति गीत बजारमा आए ?**

म सानैबाट कला क्षेत्रमा प्रवेश गरेकी हुँ । दुई सय भन्दा बढी गीतहरु रेकर्ड भई श्रोता माझ आइसकेका छन् भने दुई दर्जन गीतका म्यूजिक भिडियो समेत आफैंले निर्माण गरिसकेकी छु ।

**गीति लेखन बाहेक निर्माणमा पनि सक्रिय देखिनु हुन्छ किन ?**

लेखनसँगै अभिनय र निर्माण पक्षमा समेत संलग्न रहँदा आफ्नो सिर्जनाले सही ढंगले न्याय पायो कि पाएन भन्ने कुरालाई नजिकबाट बुझ्न सकिन्छ ।

**निर्माण भन्नाले म्युजिक भिडियो कि चलचित्र ?**

नेपाली कला साहित्य क्षेत्रमा थोरै भएपनि योगदान पुऱ्याउँ भन्ने मेरो सोच हो । मैले चलचित्र ‘भिमदत्त’मा सहनिर्मात्रीको रुपमा काम गरें भने ‘सुक्का मानो’ र ‘उफ् यो मन’ नामक चलचित्र निर्माण गरेकी छु, जुन अहिले प्रदर्शनको पर्खाइमा रहेको छ ।

**नेपाली अलवा अन्य भाषामा पनि कलम चलाउनु भएको छ कि ?**

मैले नेपाली भाषा साहित्यमामात्र नभई हिन्दी, अंग्रेजी, नेवारी र मैथली भाषामा पनि थुप्रै गीत र कविता लेखेकी छु । ‘कम टेक माइ ह्याण्ड, ह्वोइन आइएम फिलिङ डाउन’ गायिका शितल मोक्तानले गाएको निकै चर्चित अंग्रेजी गीत हो भने अन्य भाषाका गीतहरु पनि चर्चामा रहन सफल भएका छन् ।

**यो क्षेत्रमा लागेर के पाएँ, के गुमाएँ जस्तो लाग्छ ?**

कला साहित्य विधामा उल्लेखनीय योगदान पुऱ्याएवापत विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरका सम्मान तथा अवार्डहरु पाएकी छु । अवार्ड र सम्मानले थप केही गर्नुपर्छ भन्ने उर्जा मिलेको छ । यति धेरै दर्शक, श्रोताको माया पाएकी छु, गुमाएको केही छैन ।

**समाज सेवामा पनि उत्तिकै सक्रिय देखिनु हुन्छ नि ?**

मानव सेवा नै सबैभन्दा ठूलो धर्म हो । नेपालका धेरै संघ संस्थामा आश्रित अनाथ असहाय, दुखी, पीडित, बेसहाराहरुलाई विदेशमा रहेर पनि सहयोग गर्दै आएकी छु । प्रवासमा रहेपनि नेपालमा रहनु हुने दिनदुखीलाई सकेको सहयोग गर्न पाउँदा आत्मसन्तुष्टि मिल्छ ।

**धेरै तिर संलग्न हुनुहुन्छ, आफूलाई के भनेर चिनाउन चाहनु हुन्छ ?**

म पेशाले शिक्षिका हुँ । ब्यस्त समयको बाबजुद पनि बचेको समयलाई नेपाली गीतसंगीत र कला साहित्यमा खर्चिन पाउँदा खुशी महसुस हुन्छ । चिनाउने त उसको कर्मले हो ।

**निर्मात्री पनि हुनुहुन्छ, यो क्षेत्रमा काम गर्ने तौरतरिका कस्तो पाउनु भयो ?**

समग्र नेपाली मनोरञ्जन क्षेत्रमा मेरो करोडौं लगानी भइसकेको छ । केही संगीतकार, चलचित्र निर्माता, निर्देशकदेखि अन्य केही व्यक्तिहरु शुरुमा मिठो र राम्रो, राम्रो कुरा गरी विश्वास दिलाएर काम र पैसा लिन्छन्, पछि कुनै काम समयमा गर्दैनन् । त्यसैले नेपालमा पैसा लगानी गर्नु भन्दा पहिले सोच्नु पर्ने रहेछ । विश्वासको आधारमा लगानी गर्दा डुबिँदो रहेछ ।

**आर्थिकरुपमा तपाईंलाई डुबाउनेहरुको बारेमा के सोच्नु भएको छ त ?**

केही संगीतकार र चलचित्रकर्मीहरुले ठगी गरेका छन् । त्यसैले त्यस्ता ठगी गर्ने गिरोहहरुलाई अब कानूनी प्रक्रियामा लैजाने र मिडियामार्फत उक्त ठग्ने व्यक्ति र काम पूरा नगर्नेहरुको नाम सार्वजनिक गर्ने तयारीमा छु । हामी दुःख गरी पैसा जम्मा गरेर नेपालमा लगानी गर्छौं, तर त्यसको उचित मूल्यांकन र सदुपयोग नहुँदा म जस्ता विदेशमा बसेर लगानी गर्ने हजारौं श्रष्टाहरुले पीडा भोग्नु परिरहेको छ । भविष्यमा यस्तो नहोस् भन्नका लागि पनि केही ठोस् कदम चाल्नै पर्ने हुन्छ ।

**अन्त्यमा के भन्न चाहनु हुन्छ ?**

थुप्रै कामहरु रोकिरहेको छ, गीतसंगीत र रचनाहरु हराइरहेका छन्, चलचित्र तयार भएर पनि प्रदर्शन गर्न दिएका छैनन्, विभिन्न बहानाबाजीमा झुलाइरहेका छन् । केही साहित्यिक पुस्तक, म्युजिक भिडियो र चलचित्र आउन लागेको छ । पढेर, हेरेर सही प्रतिक्रिया दिनु होला र केही गर्छु भन्नेलाई सबैले हौसला दिनु होला भन्न चाहन्छु ।

## ‘कमेडी च्याम्पियन ३’को अडिसन जनवरी ११ बाट

**काठमाडौं/मस-** नेपालकै सर्वाधिक सफल र चर्चित कमेडी रियालिटी शो ‘कमेडी च्याम्पियन’को तेश्रो सिजनको अडिसन अंग्रेजी नयाँ वर्षदेखि शुरु हुने भएको छ । जनवरी ११ देखि जनवरी ३० सम्म सहभागी हुन चाहने प्रतिस्पर्धीहरुले अडिसन दिन सक्ने निर्देशक विशाल भण्डारीले जानकारी दिए ।

सहभागी हुन चाहने प्रतिस्पर्धीले पे वेल एप डाउनलोड गरेर आफ्नो भिडियो पठाउन सक्नेछन् । भिडियोको लम्बाई ५ मिनेटसम्मको हुने आयोजकले बताएको छ । हाँस्य क्षेत्रमा केही नयाँ गर्न चाहनेहरुका लागि यो शो सर्वाधिक सफल मानिन्छ । यही शोबाट देशले नयाँ नयाँ कमेडियनहरु पाएको छ ।


## मलेसियामा रोजगार | कम्पनी : KALIBER SECURITY SERVICES SDN BHD

शहर: Malaysia, Seremban

पूर्व स्वीकृत मितिः २०७९/०९/१४ चलानी नं.: ६०१९४०८४ LT. No.: 278470

| सि. नं. | कामदारको पद | माग संख्या | | न्यूनतम योग्यता | मासिक तलब | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | | RM | ने. रु. | | | | | | | |
| 1. | SECURITY | 50 | 0 | स. काममा दक्ष | 1500 | ४४,८२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ पुस २४ देखि २९ गतेसम्म (8 to 13 January 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- रोजगारदाताले तिर्ने | रु. १,५००/- रोजगारदाताले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझा विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

DREAM RECRUITING SERVICE Pvt. Ltd.
Dream Recruiting Service Pvt. Ltd.
श्रम इजाजत पत्र नं.: ११५४/०७३/०७४
Koteshwor-32, Sos Marga, Kathmandu, Tel.: 5147279, 9801033135/9863325463
E-mail : dreamhumanresources1@gmail.com, info.dreamrecruiting@gmail.com
Pokhara Contact- 9801135080

## साउदीमा रोजगार | कम्पनी: DIYAR FOOD COMPANY FOR SERVING MEALS

शहर : Saudi Arabia, Riyadh

पूर्व स्वीकृत मितिः २०७९/०९/१४ चलानी नं.: ६०१९४११९ LT. No.: 278623

| सि. नं. | कामदारको पद | माग संख्या | | न्यूनतम योग्यता | मासिक तलब | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | | SR | ने. रु. | | | | | | | |
| 1. | Waiter | 7 | 0 | स. काममा दक्ष | 1300 | ४५,६९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ पुस २४ गते (8 January 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

SUGAM OVERSEAS PVT. LTD. Exclusive Human Resource Company
सुगम ओभरसिज प्रा. लि.
इजाजत पत्र नं. ८३८/०६६/०६७
सामाखुसी (रिङ्गरोड), काठमाडौं, फोन: ४९८६१०६, ४९८७१८३, मो: ९८४१५९६५१३, ९८१३४९२७५५
Email: info.sugam@gmail.com | Web: www.sugamoverseas.cm

## कुवेतमा रोजगार | कम्पनी : AL-QUDS AL-AHLIYA GEN TRAD & CONT CO.

शहर: Kuwait

पूर्व स्वीकृत मितिः २०७९/०९/१४ चलानी नं.: ६०१९४०९० L.T. No.: 278638

| सि. नं. | कामदारको पद | माग संख्या | | न्यूनतम योग्यता | मासिक तलब | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | | KD | ने. रु. | | | | | | | |
| 1. | Cleaner (Indoor) | 80 | 15 | स. काममा दक्ष | 90 | ३८,८३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ पुष २४ गते (8 January 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | जि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

SRK NEPAL PVT. LTD.
Govt. Lic. No. 1156/073/074
SRK ओभरसिज नेपाल प्रा. लि. साबिकको नाम (SRK नेपाल प्रा. लि)
सामाखुसी, टाउन प्लानिङ्ग, काठमाडौं, (स्विमिङ पुल रोड छाप्रो मासु पसलको छेउ)
फोन: ०१-४९६३४०३, ४९५७६८३ ९८१८६५८०९८, ९८०१८९४४३३



## Kedarsyun Rural Municipality
## Office of Rural Municipal Executive

Deura, Bajhang
Sudurpashchim Provience, Nepal

### Invitation for the procurement of 13 Solar System for 1 KW Each

***Bid No: KRM/Bajhang/NCB/Goods/03-2079/080***
***Date of first Publication 2079/09/17 (1st Jan, 2023)***

1. Kedarsyun Rural Municipality Deura, Bajhang electonic bisd from Nepalese eligilbe bidders for the construction of deura ( Civil works/Sanitary / Electrical works) under National Competitive Bidding Procedures.

| S. N. | Contract No | Description of works | Procurement Method | Estimated Amount Nrs | Bid Security Amount | Price of Bid Documents | Late Bid Summission Date |
|---|---|---|---|---|---|---|---|
| 1 | KRM/Bajhang/NCB/ Goods/03-2079/80 | Invitation Of Bid For the Procureement Of 13 Solar System Of each 1 KW | Single Stage One Envelope | 3250000.00 | 82000.00 | 3000.00 | 2079.10.17 (31 Jan 2023) |

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of **Kedarsyun Rural Municipality Deura, Bajhang Email Address: kedarasyumun.com, Contact No-9858454835 or may visit PPMO website www.bolpatra.gov.np/egp**
3. Eligible Bidders have to submit their bid electronically only & May down load the bidding documents for e-submission from PPMO's Web Site www.bolpatra.gov.np. Bidders, submitting their bid electronically, should deposit the cost Rs 3000.00 of bidding document in the Project's Rajaswa account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids. Information to deposit the cost of bidding document in Bank
Name of the Bank: Nepal Investment Bank Jhota Bajhang
Name of Office: Kedarsyun Rural Municipality Deura, Bajhang
**Account No.: 07501400250009**
Name of the Bank: Nepal Investment Bank Jhota Bajhang
Name of Office: Kedarsyun Rural Municipality Deura, Bajhang
**Dharuti Account No.: 07501400250153**
4. Electronic bids must be submitted through PPMO's website e_GP system www.bolpatra.gov.np. on or before 12:00 Hours on 2079/10/17 (31 Jan 2023). Bids received after this deadline will be rejected.
5. The bidswill be opened in the presence of Bidders' representatives who choose to attend at 14:00 Hours on 2079/10/17 (31 Jan 2023). at the office of Kedarsyun Rural Municipality Deura, Bajhang . Bids must be valid for a period of 90after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in pdf format in case of e-bid,amounting to a minimum of As stated above 11 table which shall be valid for 30 days beyond the validity period of the bid.
6. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid and bid security shall remain the same as specified for the original last date of bid submission. Bidders are Advised to visit Site And assess the actual site conditions before submitting their bid.
7. Any Condition so far not stated in this Notice will be As per PPA 2063 and PPR 2064 and its Amendments.
8. Any Amendments in This tender Notice will be posted in the notice board of Kedarsyun Rural Municipality Deura, Bajhang or may visit PPMO e-GP system www.bolpatra.gov.np/egp.
9. Employer reserves the right to accept or reject, Wholly or Partly any or all the bids without assigning any reason, whatever.
10. Bidder must be qualified from Alternative Energy Promotion Center AEPC

**Chief Administrative Officer**

नेपाल टी-२० लिग

# जनकपुर र पोखराको जित

**काठमाडौं/मस–** राजधानीमा जारी पहिलो संस्करणको नेपाल टी-२० लिगमा जनकपुर रोयल्सले विराटनगर सुपर किङ्सलाई पराजित गरेको छ। विराटनगरलाई पराजित गर्ने क्रममा जनकपुरले ४९ रनको जित हासिल गरेको हो।




टियु क्रिकेट मैदानमा भएको खेलमा १ सय ९० रनको लक्ष्य पछ्याएको विराटनगरले २० ओभरमा ७ विकेट गुमाएर १ सय ४० रन मात्र बनायो। विराटनगरका लागि हुसेन तलतले सर्वाधिक ४२ रन बनाउँदा प्रदिप सिंह ऐरीले अविजित ३६ रन बनाए। गौराशुं शर्मा ३३ रनमा आउट भए।

कप्तान आन्द्र म्याकार्थीले १४ रन बनाउँदा अन्य ब्याटरले दोहोरो अंकमा रन बनाउँन सकेनन्। जनकपुरका लागि शमिउल्लाह शिनवारीले ३ तथा ललित नारायण राजवंशीले २ विकेट लिए।

त्यसअघि पहिले ब्याटिङ गरेको जनकपुरले निर्धारित २० ओभरमा ५ विकेट गुमाएर १ सय ८९ रन बनायो। जनकपुरको लागि समिउल्लाह शिनवारीले सर्वाधिक रन बनाए। उनले ४० बलमा ६ चौका र ६ छक्काको सहयोगमा रनमा ७८ अविजित रहे। यस्तै चाल्डिक वाल्टनले २९ रन बनाए। यस्तै सन्दिप जोरा २० रन, ट्राभिन ग्रेफिथले १९ रन बनाए। खडक बोहोरा १२ रनमा अविजित रहे। यता विराटनगरको लागि हुसेन तलत र सूर्य तामाङले समान २/२ विकेट लिए। नन्दन यादवले १ विकेट लिए।

यस्तै शनिबार नै भएको अर्को खेलमा पोखरा एभेन्जर्सले लगातार दोस्रो जित हात पारेको छ। प्रतियोगिताको छैटौं खेलमा पहिलो जित हात पारेको पोखराले आफ्नो सातौं खेलमा पाँच खेलसम्म अपराजित रहेको लुम्बिनी अल स्टारलाई ९ विकेटले पराजित गरेको हो। टियु मैदानमा भएको खेलमा लुम्बिनीले दिएको १ सय २८ रनको लक्ष्य पोखराले १८.२ ओभरमा १ विकेट गुमाएर पुरा गर्यो। पोखरालाई जित दिलाउने क्रममा आरिफ शेख र आसिफ शेखले दोस्रो विकेटका लागि ९५ रनको साझेदारी गरेका थिए।

आसिफ ६२ बलमा ७७ रनमा अविजित रहँदा आरिफले अविजित २६ रन बनाए। सुमित मर्हजन १३ रनमा आउट भए। लुम्बिनीका लागि किशोर महतोले १ विकेट लिए। त्यसअघि पहिले ब्याटिङ गरेको लुम्बिनीले १९.५ ओभरमा अलआउट हुँदै १ सय २७ रन बनायो। लुम्बिनीका लागि हरमित सिंहले ३८ तथा श्याड्ली भानले १६ रन बनामए। सुनिल धमला १५ रनमा आउट हँदा योगेन्द्र सिंह कार्कीले १३ रन बनाए।

ह्यारी टेक्टर र कप्तान दीपेन्द्र सिंह ऐरीले समान १०/१० रन बनाए। पोखराका लागि विपिन खत्री र जाहिर खानले समान ३/३ तथा आरिफ शेख,तुल बहादुर थापा र सिद्धान्त लोहनीले समान १/१ विकेट लिए।

डबल राउण्डमा हुने यस लिगमा ३४ खेल हुनेछ। यस लिगको विजेताले ५५ लाख पाउने जनाएको छ। यस्तै उपविजेताले ३० लाख नगद पुरस्कार प्राप्त गर्दा तेस्रो हुनले १० लाख र चौंथोले ५ लाख पाउने छ।

त्यस्तै प्लेयर अफ द सिरिजले ५ लाख प्राप्त गर्दा उत्कृष्ट बलर र उत्कृष्ट ब्याटरले २ लाख ५० हजार पाउने छन्। इमर्जिङ प्लेयरले १ लाख ८० हजार पाउने छ। प्रतियोगिताको हरेक दिन दुई खेल हुनेछ। पहिलो संस्करणको लिगमा ६ टोलीको सहभागिता रहेको छ।

यस लिगमा काठमाडौं नाइट, पोखरा एभेन्जर्स, फार वेस्ट युनाईटेड, जनकपुर रोयल्स, विराटनगर सुपर किंग्स र लुम्बिनी अल स्टार रहेका छन्।

# धरानलाई हराउँदै एपीएफ सेमिफाइनलमा

**पोखरा/मस–** साविकको विजेता सशस्त्र प्रहरी बल एपीएफले पोखरा रंगशालामा जारी २२ औं संस्करणको आहा रारा पोखरा गोल्डकपको शीर्ष चारमा स्थान सुरक्षित गरेको छ। शनिबार भएको पहिलो क्वाटरफाइनलमा एपीएफले धरान फुटबल क्बललाई पराजित गर्दै सेमिफाइनल यात्रा तय गरेको हो।



एपीएफले धरानलाई २-० गोल अन्तरले स्तब्ध पार्दै सेमिफाइनल खेल्न रोकेको छ। उद्घाटन खेलमा आयोजक सहारा क्लबलाई १-० गोल अन्तरले पराजित गर्दै धरानले एपीएफसँगको भेट पक्का गरेको थियो।

धरानको दबाबमा परेको एपीएफले दुवै गोल पहिलो हाफमा गरेको हो। एपीएफका बिकु तामाङले ३६ औं मिनेटमा गोल गर्दै टिमलाई अग्रता दिलाए। बिकुले गोल गरेको ३ मिनेटपछि युवराज खड्काले ३९ औं मिनेटमा गोल गर्दै जित दिलाए।

धरान पराजित भएसँगै सेमिफाइनल पुग्ने सपना हुन पाएन। २०७४ मा सेमिफाइनलसम्म खेलेको धरान पुलिससँग १-० ले पराजित हुँदै घर फिर्ता भएको थियो।

आहा रारा पोखरा गोल्डकपमा यो धरान र एपीएफबीचको तेस्रो भेट हो। यसअगाडी ०६४ सालमा पहिलो पटक यि दुई क्लब समूह चरणको खेलमा आमनेसामने भएका थिए। ट्राइबेकरमा एपीएफले ४-३ अन्तरको जित निकालेको थियो। त्यसपछि ०७३ मा भिड्दा धरानले १-० को जित दर्ता गरायो। आइतबार चर्च ब्वाइज युनाइटेड र मछिन्द्र फुटबल क्लबबीच प्रतिस्पर्धा हुनेछ। चर्च ब्वाइजले शुक्रबार भएको समूह चरणको खेलमा सर्वाधिक ६ पटकको विजेता नेपाल पुलिस क्बललाई २-१ गोल अन्तरले स्तब्ध पार्दै क्वाटरफाइन प्रवेश गरेको हो।

# रोनाल्डो साउदी क्लब अल नासरमा अनुबन्धित

**काठमाडौं/एजेन्सी–** पोर्चुगलका फरवार्ड क्रिष्टियानो रोनाल्डो फुटबल इतिहासकै सबैभन्दा ठूलो पारिश्रमिकमा साउदी अरबको क्लब अल नासरमा अनुबन्ध भएका छन्।

एक विवादास्पद अन्तर्वार्तापछि म्यानचेस्टर युनाइटेडबाट निकालिएका रोनाल्डोले अल नासरसँग २०२५ सम्मका लागि सम्झैता गरेका हुन्। रोनाल्डोले फुटबल इतिहासकै सबैभन्दा ठूलो पारिश्रमिक प्रतिवर्ष १७ करोड ७० लाख पाउन्ड भन्दा बढी रहेको बीबीसीले जनाएको छ।

तथापि, पाँच पटकको बालोन डी'अर विजेता ३७ वर्षे रोनाल्डोको पारिश्रमिकबारे साउदी क्लबले केही खुलाएको छैन।

'म भाग्यशाली छु कि मैले युरोपेली फुटबलमा जित्नका लागि गरेको सबै कुरा जितेको छु। र, अहिले एसियामा आफ्नो अनुभव बाँड्ने यो उपयुक्त समय हो भन्ने महसुस गरेको छु,' रोनाल्डोले विज्ञप्तिमा भनेका छन्, 'म मेरो नयाँ टोलीका साथीहरूसँग सामेल हुन उत्सुक छु। उनीहरूसँग मिलेर क्लबलाई सफलता हासिल गर्न मद्दत गर्दछु।'




अल नासर साउदी प्रो लिगमा नौ पटकको च्याम्पियन क्लब हो। क्लबले रोनाल्डोसँगको सम्झौतालाई 'ऐतिहासिक' भएको जनाएको छ। क्लबले भनेको छ, 'यसले हाम्रो लिग, राष्ट्र र भावी पुस्ताका केटाकेटीहरूलाई आफैंलाई परिस्कृत हुन प्रेरित गर्नेछ।'

नोभेम्बरको सुरुमा रोनाल्डोले टकटिभीका लागि पियर्स मोर्गनसँगको एक अन्तर्वार्तामा युनाइटेडमा आफूलाई 'धोका' भएको महसुस गरेको साथै प्रशिक्षक इरिक टेन ह्यागलाई अपमानित गरेपछि इङ्लिस क्लबले सम्झौता तोडेको थियो।

युनाइटेडका लागि ३४६ खेलमा १४५ गोल गरेका रोनाल्डोले स्पेनिस क्लब रियल मड्रिड गएको ११ वर्षपछि पुनः ओल्ड ट्राफोर्ड फर्किएका थिए। युनाइटेड आउनुअघि रोनाल्डोले इटालियन क्लब युभेन्टसबाट पनि तीन वर्ष खेले।

रियल मड्रिडबाट रोनाल्डोले दुई ला लिगा, दुई स्पेनिस कप, चार च्याम्पियन्स लिग र तीन क्लब वर्ल्डकपको उपाधि जितेका थिए। युभेन्टसमा रोनाल्डोले दुई इटालियन सिरी 'ए' र एक कोपा इटालियाको उपाधि जितेका थिए। युनाइटेडबाट रोनाल्डोले तीन प्रिमियर लिग, एफए कप, दुई लिग कप, एक च्याम्पियन्स लिग र एक क्लब वर्ल्डकपको उपाधि जितेका थिए।

रोनाल्डोले कतारमा सम्पन्न २०२२ को विश्वकपमा पोर्चुगलबाट घानाविरुद्ध गोल गर्दै पाँच फरक संस्करणमा गोल गर्ने पहिलो व्यक्ति बनेका थिए।

# पीएम कप महिला क्रिकेट : रितुको कप्तानीमा बैतडीको टोली घोषणा

**काठमाडौं/मस–** प्रधानमन्त्री कप महिला राष्ट्रिय क्रिकेट प्रतियोगिताका लागि सुदूरपश्चिम प्रदेशस्तरीय छनोटका लागि बैतडीको टोली घोषणा गरिएको छ। जिल्ला क्रिकेट संघले रितु कनौजियाको कप्तानीमा १४ सदस्यीय टोली घोषणा गरेको हो। टोलीका अन्य सदस्यमा निर्मला भण्डारी, पिङ्की बोहरा, वसन्ती बोहरा, रेनु पेला, लक्ष्मी महर, मनिषा बोहरा, ममता बोहरा, आरती बोहरा, करिश्मा थापा, जानकी थापा, सङ्गीता मौनी, ललिता चन्द र दिव्या कार्की रहेका छन्।

यस्तै पूजा कार्की, बबिता बोहरा, लक्ष्मी बोहरा, आशिका बोहरा वैकल्पिक खेलाडीका रुपमा रहेका छन्। प्रशिक्षकमा दीपेन्द्र चन्द र व्यवस्थापकमा दीपेन्द्रबहादुर बोहरालाई जिम्मेवारी लिइएको छ। दुईदिनसम्म सञ्चालन भएको बन्द प्रशिक्षणबाट उत्कृष्ट प्रदर्शन गरेका आधारमा टोली घोषणा गरिएको संघका सचिव सिद्धराज बोकटीले जानकारी दिए। सुदूरपश्चिम प्रदेश छनोट प्रतियोगिता यही पुस १८ गतेदेखि कैलालीको फाप्ला मैदानमा हुँदैछ।

सुदूरपश्चिम प्रादेशिक क्रिकेट संघका सचिव तेजप्रकाश भट्टका अनुसार सहभागी हुने सात टोलीलाई दुई समूहमा विभाजन गरिएको छ। समूह 'ए' मा कञ्चनपुर, बैतडी, डोटी र अछाम रहेका छन्। यस्तै समूह 'बी' मा कैलाली, बझाङ र डडेल्धुरा रहेका छन्।



सहभागीमध्ये शीर्ष दुईमा पुग्ने टोलीबीच यही पुस २३ गते फाइनल भिडन्त हुने जनाइएको छ। प्रदेशस्तरीय छनोट प्रतियोगिताबाट सुदूरपश्चिम प्रदेशको टोली बनाइनेछ। उक्त टोलीले प्रधानमन्त्री कप महिला राष्ट्रिय क्रिकेट प्रतियोगितामा सहभागिता जनाउनेछ। नेपाल क्रिकेट संघको आयोजनामा प्रधानमन्त्री कप राष्ट्रिय क्रिकेट प्रतियोगिता पुस २९ गतेदेखि इटहरीमा हुँदैछ।

# बागमती गोल्डकप फुटबल २४ गतेदेखि




**काठमाडौं/मस–** मकवानपुरको बागमती गाउँपालिकामा आयोजना हुने पाँचौं संस्करणको बागमती गोल्डकप फुटबल प्रतियोगिता पुस २४ गतेदेखि शुरु हुने भएको छ। शनिबार हेटौंडामा पत्रकार सम्मेलन गर्दै आयोजक बागमती गाउँपालिका खेलकुद विकास समितिले प्रतियोगिताबारे जानकारी गराएको हो।

बागमती-८, फापरबारीस्थित जनता माविको मैदानमा हुने प्रतियोगितामा दुई मोफसल टिम, एक विदेशी टिम र ७ वटा ए डिभिजन क्लबहरुको सहभागिता रहने प्रतियोगिता उपसमितिका सह-संयोजक मनोज बलले जानकारी गराए।

प्रतियोगितामा आयोजक बागमती गाउँपालिका, मकवानपुर-११, त्रिभुवन आर्मी क्लब, नेपाल पुलिस क्लब, एपिएफ क्लब, मछिन्द्र युवा क्लब, हिमालयन शेर्पा क्लब, चर्च ब्वाइज युथ क्लब, जावलाखेल युथ क्लब र अमेरिकी टिम भुट्निज युथ स्पोर्ट्सको सहभागी रहनेछ। साविक विजेता थ्री स्टार क्लब भने पाँचौं संस्करणको प्रतियोगितामा सहभागी नहुने भएको छ। चौथो संस्करणमा विदेशी टिम क्यामरुनलाई हराउँदै थ्रीस्टारले उपाधि जितेको थियो।

प्रतियोगितामा प्रथम हुने टिमले नगद ८ लाख र उपविजेताले नगद ४ लाख रुपैयाँ प्राप्त गर्नेछ। यस्तै प्रतियोगिताको सर्वोत्कृष्ट खेलाडीले नगद ५१ हजार रुपैयाँ, विधागत उत्कृष्ट खेलाडीहरुले जनही १०-१० हजार रुपैयाँ र हरेक खेलको म्यान अफ द म्याच हुने खेलाडीले नगद ५ हजार रुपैयाँ प्राप्त गर्नेछन्। प्रतियोगिताको फाइनल खेल माघ ३ गते हुनेछ।

प्रतियोगितामा करिब ७१ लाख खर्च हुने आयोजकको अनुमान छ। प्रतियोगिताका लागि बागमती गाउँपालिकाले ३५ लाख रुपैयाँ बजेट छुट्याएको छ। यस्तै बागमती प्रदेश खेलकुद विकास परिषद्, राष्ट्रिय खेलकुद परिषद् र विभिन्न संस्थामा सहयोगका लागि अनुरोध गरिएको जनाएको छ। प्रतियोगिताको खेल तालिका बुधबारसम्ममा सार्वजनिक गरिने पालिकाका खेलकुद विकास समितिका अध्यक्ष टिकालाल श्रेष्ठले जानकारी दिए।

अध्यक्ष श्रेष्ठले पालिकाले युवा खेलाडी उत्पादनमा नयाँ ढंगबाट अघि बढ्ने बताउनुभयो। प्रतियोगितामा आयोजक बागमती टिमले स्थानीय खेलाडीलाई प्राथमिकता दिने उनले बताए। टिममा बाहिरका केही खेलाडीहरु पनि समावेश गर्न सकिने उनले बताए। पत्रकार सम्मेलनमा अखिल नेपाल फुटबल संघ (एन्फा) का केन्द्रीय सदस्य तथा मकवानपुर जिल्ला फुटबल संघका अध्यक्ष टीका लामाको पनि उपस्थिति रहेको थियो।

## Letang Municipality
## Office of Municipal Executive
Letang, Morang

## Invitation for Online Bids

**Date of publication: 01 January 2023**

1. **Letang Municipality**, Morang invites electronic bids from Nepalese eligible bidders for the Procurement of Goods under Sealed Quotation procedures.
2. Eligible Bidders may obtain further information at the office of Letang Municipality, Morang or may visit PPMO website.
3. Electronic bids must be submitted through PPMO website www.bolpatra.gov.np/egp on or before 2023 January 16. Bids received after this deadline will be rejected.

| S. N | Contract Identification No. | Name of the Project | Bid Security (Nrs) | Cost of Bidding Documents |
|---|---|---|---|---|
| 1. | LM/MOR/SQ/G/02/2079-80 | PROCUREMENT OF HUME-PIPE OF DIFFERENT SIZE | 50,000.0 | 1,000/- |
| 2. | LM/MOR/SQ/G/03/2079-80 | Supplying of Heavy Class Coloured CGI Sheet | 50,000.0 | 1,000/- |

**Chief Administrative Officer.**

गो.हु.का.द.नं. ३३/०६९/०७०

# अमेरिका, स्वीट्जरल्याण्ड र रुवान्डामा सिधा हवाई उडान हुने



**नारायण अर्याल/मध्यान्ह**
काठमाडौं, पुस १६

सरकारले अमेरिका, स्वीट्जरल्याण्ड र रुवान्डामा सिधा हवाई उडान सेवा संचालन गर्ने तयारी गरेको छ । नेपाल नागरिक उडड्यन प्राधिकरणको २४ औं वार्षिकोत्सवको अवसरमा काठमाडौंमा आयोजित एक कार्यक्रममा बोल्दै संस्कृति, पर्यटन तथा नागरिक उडड्यन मन्त्रालयका सचिव सुरेश अधिकारीले सो जानकारी गराएका हुन् । सचिव अधिकारीले ती देशहरुसँग हवाई उडान सम्झौताको लागि प्रकृयालाई अघि बढाइएको बताए । नेपालमा विदेशी पर्यटक आगमनको संख्या बढ्दै गएकोले हवाई उडानका क्षेत्रहरुको विस्तारको कामलाई प्राथमिकताका साथ अघि बढाएको उनले बताएका थिए ।

पर्यटन क्षेत्र रिभाइभ हुँदै गएको र एभिएनसन मार्केट पनि बढ्दै जाने सचिव अधिकारीले बताए । उनले भने, 'टुरिज्म सेक्टर रिभाईभ हुँदैछ । टुरिष्टहरुको संख्या बढिरहँदाखेरी एभिएशन मार्केट पनि बढ्दै जान्छ । त्यसका लागि हामीले ग्लोबल्ली र सम्भावित देशहरुसँग एयर सर्भिस एग्रिमेन्ट गर्दै जानुपर्ने आवश्यक्ता रहन्छ ।'

नेपाल नागरिक उडड्यन प्राधिकरणका महानिर्देशक प्रदीप अधिकारीले दूर्गम क्षेत्रहरुमा उडान भर्ने वायु सेवा कम्पनीहरुलाई सहजता प्रदान गर्नका लागि अतिरिक्त संचालन शुल्क खारेज गरिएको बताएका थिए । साथै उनले दुर्गम क्षेत्रमा हवाई उडान भर्ने कम्पनीहरुको घाटा परिपुर्ति गर्नका लागि कोष निर्माणको कामलाई अगाडि बढेको बताए । महानिर्देशक अधिकारीका अनुसार नेपालगंज विमानस्थलबाट दुर्गम क्षेत्रमा यात्रा गर्दा हवाई यात्रुहरुले सधैं महंगो भाडा तिरी चार्टर उडानमा यात्रा गर्नुपर्ने बाध्यता रहेकोमा हाल वायु सेवा कम्पनीहरुलाई वायु यानको संख्याको आधारमा ९५ प्रतिशत सेड्युल उडान गर्नुपर्ने बाध्यकारी व्यवस्था लागू गरिएको छ । बाँकि ५ प्रतिशत कार्गो उडानलाई चार्टर उडानको रुपमा यात्रुको नियमित उडान भएपश्चात मात्र गर्ने व्यवस्था लागू गरिएको उनको भनाइ थियो ।

# मेन्छियाम हाइड्रोपावरको उत्पादन शुरु

**संखुवासभा/मस** – संखुवासभाको पिलुवाखोलामा निर्माण भएको मेन्छियाम हाइड्रोपावरले (चार दशमलव ७२ मेगावाट) विद्युत् उत्पादन शुरु गरेको छ । पूर्वराज्यमन्त्री दीपक खड्काको सक्रियतामा संखुवासभाको चैनपुर नगरपालिकास्थित पिलुवाखोलामा एक अर्ब ३१ करोड लगानीमा निर्माण भएको सो हाइड्रोपावरले विद्युत् उत्पादन शुरु गरेको हो । उत्पादित विद्युत राष्ट्रिय प्रसारण लाइनमा जोडिएको छ । उक्त जलविद्युत् आयोजनाको शुभारम्भ



भने हाइड्रोपावरका अध्यक्ष खड्का र उद्योगपति विनोद चौधरीले पुस १३ गते संखुवासभामा गरेका थिए ।

हाइड्रोपावर सम्पन्न भएको अवसरमा आयोजित कार्यक्रममा नेपाली कांग्रेसका नेता खड्काले कोरोना महामारीका कारण हाइड्रोपावर निर्माणमा केही ढिला भएको बताए । उनले छ वर्ष लगाएर उक्त हाइड्रोपावर सम्पन्न गरेको जानकारी दिए । 'स्थानीयवासीलाई पहिलो प्राथमिकतामा राखेर शेयर निष्काशन गर्ने तयारीमा जुटेका छौं', उनले भने । इन्जिनियर बिकल थापाले उक्त जलविद्युत् आयोजनाको पाँच दशमलव दुई मेघावाट उत्पादन गर्नसक्ने क्षमता रहेको बताए ।

# नेपालको सार्वजनिक ऋण २० खर्ब नाघ्यो
## विश्व बैंक सबैभन्दा ठूलो ऋणदाता




**काठमाडौं/रासस** – चालू आर्थिक वर्ष २०७९/८० को पहिलो त्रैमाससम्म कूल सार्वजनिक ऋण २० खर्ब सात अर्ब ८४ करोड पुगेको छ । सार्वजनिक ऋण व्यवस्थापन कार्यालयको पहिलो त्रैमासिक प्रतिवेदनअनुसार गत असार मसान्तको तुलनामा असोज मसान्तसम्ममा सार्वजनिक ऋण शून्य दशमलव २७ प्रतिशतले घटेको हो ।

गत असार मसान्तसम्ममा नेपालको कूल सार्वजनिक ऋण २० खर्ब १३ अर्ब २९ करोड बराबर थियो । सार्वजनिक ऋण व्यवस्थापन कार्यालयका अनुसार पहिलो त्रैमासिक अवधिसम्ममा नेपालको कूल बाह्य ऋण १० खर्ब ५० अर्ब २३ करोड छ भने आन्तरिक ऋण नौ खर्ब ५७ अर्ब ६१ करोड बराबर छ । यो आँकडा गत असार मसान्तसम्मको ऋणको अवस्थासँग तुलना गर्दा बाह्य ऋण २४ अर्ब ३८ करोडले बढेको र आन्तरिक ऋण २९ अर्ब ८३ करोडले घटेको हो ।

चालू आवको पहिलो तीन महिनामा सरकारले कूल २४ अर्ब ७० करोड बराबर बाह्य ऋण उठाएको छ । यही अवधिमा आन्तरिक ऋण उठाएको छैन । पहिलो त्रैमासमा पाँच अर्ब ८४ करोड बराबर बाह्य ऋण तिरेको छ । विदेशी मुद्रामा लिएको ऋण विनियमदरमा भएको वृद्धिका कारण थप पाँच अर्ब ५२ करोड तिर्नुपर्ने पनि सार्वजनिक ऋण व्यवस्थापन कार्यालयले जनाएको छ ।

यही अवधिमा आन्तरिक ऋणको साँवा र ब्याजका रुपमा २९ अर्ब ८३ करोड भुक्तानी गरिएको छ । अहिले नेपालको कूल गार्हस्थ्य उत्पादन (जिडिपी) को आकार ४८ खर्ब ५१ अर्ब ६२ करोड बराबर छ । जिडिपी आकारसँग नेपालको सार्वजनिक ऋणको अवस्था तुलना गर्दा ४१ दशमलव ३८ प्रतिशत पुगेको छ । जसमध्ये बाह्य ऋण २१ दशमलव ६४ प्रतिशत र बाह्य ऋण १९ दशमलव ७३ प्रतिशत बराबर हो ।

### आन्तरिक ऋण व्यवस्थापन बढी सकसपूर्ण

अहिले नेपालका लागि बाह्य ऋणको तुलनामा आन्तरिक ऋण भुक्तानी बढी सकसपूर्ण रहेको सार्वजनिक ऋण व्यवस्थापन कार्यालयका सूचना अधिकारी हिरा न्यौपाने बताउँछन् । विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय घटनाक्रमबाट सिर्जित समस्याका कारण ब्याजदर बढ्नु र भुक्तानी गर्नुपर्ने साँवा तथा ब्याजको भार बढेका कारण समस्या रहेको उनको भनाइ छ । नेपालले विभिन्न ऋणपत्र, बचतपत्र तथा ट्रेजरी बिल सार्वजनिक गरेको आन्तरिक ऋण उठाउने गरेको छ । 'ब्याजदर बढेका कारण आन्तरिक ऋणको व्यवस्थापनमा चाप बढेको छ । ऋणपत्र र ट्रेजरी बिलहरू महँगो ब्याजदरमा ल्याउनुपरेको छ । बाह्य ऋण सहुलियत ब्याजदरको र लामो समयका लागि लिइने भएका कारण त्यस्तो ऋण व्यवस्थापनमा समस्या छैन', उनले भने ।

नेपालले विदेशी दातृ निकायबाट व्यावसायिक ऋण प्रयोग गरेको छैन । सहुलियतपूर्ण कर्जा मात्रै नेपालले लिने गरेको छ । अधिकांश बाह्य ऋण करिब एक प्रतिशत ब्याजदरमै लिइएको न्यौपाने बताउँछन् । तर नेपालले लिएको विदेशी ऋण विदेशी मुद्रामा तिर्नुपर्ने भएकाले विनियय दरमा आउने उतारचढाव भने त्यसमा रहन्छ । 'बाह्य ऋणको चुनौती भनेको विनिमय दरको उतारचढाव हो । न्यून रकम हुने भएकाले त्यसको व्यवस्थापनका लागि हामीलाई धेरै समस्या छैन । बढी समस्या देखिएको आन्तरिक ऋणको व्यवस्थापनमा हो', न्यौपानेले भने ।

पछिल्लो केही समययता ब्याजदर लगातार बढेपछि सरकारी ऋणपत्र र ट्रेजरी बिलहरू पनि उच्च ब्याजदरमा जारी गर्नुपर्ने अवस्था छ । ब्याजदरकै कारण ट्रेजरी बिल 'अन्डर सस्काइब' हुने अर्थात् सरकारले उठाउन खोजेको जति प्रस्ताव नपर्ने जस्ता समस्याहरू पनि देखिने गरेको उनी बताउँछन् ।

### कुन देश र दातृ निकायलाई कति ऋण तिर्न बाकी ?

नेपालको सबैभन्दा ठूलो ऋणदाता विश्व बैंक समूहअन्तर्गत 'इन्टरनेसनल डेभलपमेन्ट' एसोसिएसन (आइडिए) हो । आइडिएसँग नेपालले पाँच खर्ब २६ अर्ब एक करोड १८ लाख बराबर ऋण लिएको छ । त्यस्तै, एसियाली विकास बैंक (एडिबी) नेपालको दोस्रो ठूलो ऋणदाता हो । एडिबीलाई नेपालले तीन खर्ब २३ अर्ब ६४ करोड ९० लाख ऋण तिर्न बाँकी रहेको छ । नेपालले जापान अन्तर्राष्ट्रिय सहयोग नियोग (जाइका) सँग ४८ अर्ब ४१ करोड ३४ लाख र अन्तर्राष्ट्रिय मुद्राकोष (आइएमएफ) सँग ४३ अर्ब ८९ करोड ५३ लाख बराबर ऋण लिएको छ ।

एक्जिम बैंक लाइन अफ क्रेडिट-इन्डियासँग ३७ अर्ब ५६ करोड ६३ लाख, एक्जिम बैंक अफ चाइनासँग ३३ अर्ब ५१ करोड २८ लाख, इन्टरनेसनल फन्ड फर एग्रिकल्चर डेभलपमेन्ट (आइएफएडी) सँग १० अर्ब २५ करोड ४४ लाख र ओपेक फन्ड फर इन्टरनेसनल डेभलपमेन्ट (ओएफआइडी) आठ अर्ब ३८ करोड ३३ लाख बराबर ऋण नेपालले लिएको छ ।

युरोपियन इन्भेस्टमेन्ट बैंक (इआइबी) को पाँच अर्ब ६१ करोड ५५ लाख, एक्जिम बैंक कोरियासँग पाँच अर्ब ६२ करोड ८५ लाख, साउदी कोषको रु तीन अर्ब तीन करोड, नर्डिक डेभलपमेन्ट फन्डको एक अर्ब ८१ करोड ८५ लाख, र कुवेतको एक अर्ब ५० करोड ५७ लाख ऋण तिर्न बाँकी छ । त्यसैगरी, नेपालले बेल्जियमसँग ५७ करोड ३६ लाख, युरोपियन इकोनोमिक काउन्सिल (इइसी) सँग १९ करोड ५३ लाख, नाजिक्सिक बैंक फ्रान्स १३ करोड ९५ लाख र एसियन पूर्वाधार लगानी बैंक (एआइआइबी) सँग तीन करोड ७० लाख बराबर ऋण लिएको देखिन्छ ।

नेपालले अन्तर्राष्ट्रिय मुद्राकोष (आइएमएफ) ले स्पेसल ड्इङ राइट (एसडिआर) अन्तर्गत मान्यता पाएका विभिन्न पाँचवटा मुद्रा (अमेरिकी डलर, जापानी येन, युरो, पाउन्ड स्टर्लिङ र चिनियाँ येन) मा तिर्नेगरी ऋण लिने गरेको छ ।

### पछिल्लो पाच वर्षमा दोब्बर भयो सार्वजनिक ऋण

प्रतिनिधिसभा सदस्य तथा प्रदेशसभा सदस्यको अघिल्लो निर्वाचनताका नेपालको सार्वजनिक ऋण अहिलेको भन्दा आधा थियो । सार्वजनिक ऋण व्यवस्थापन कार्यालयका अनुसार आर्थिक वर्ष २०७४/७५ मा नेपालको सार्वजनिक ऋण नौ खर्ब १७ अर्ब बराबर थियो । यस्तो ऋण आर्थिक वर्ष २०७५/७६ मा १० खर्ब ४८ अर्ब पुग्यो । त्यस्तै, सार्वजनिक ऋण आर्थिक वर्ष २०७६/७७ मा १४ खर्ब ३३ अर्ब र आर्थिक वर्ष २०७७/७८ मा १७ खर्ब ३७ अर्ब पुगेको देखिन्छ । गत आर्थिक वर्ष २०७८/७९ मा नेपालको कूल सार्वजनिक ऋण २० खर्ब १३ अर्ब पुगेको देखिन्छ ।

# सन् २०२२ : युक्रेन युद्धले निम्त्याएको न्यून आर्थिक वृद्धिदर र उच्च मुद्रास्फीतिको वर्ष

**काठमाडौं/मस** – आर्थिक दृष्टिकोणले सन् २०२२ पछिल्ला केही दशकयताकै सबैभन्दा सकसपूर्ण वर्ष रह्यो । पूर्ण नियन्त्रणमा आउन नसकेको कोभिड-१९, रुस-युक्रेन युद्धले खल्बलिएको आपूर्ति शृंखला, खाद्य तथा ऊर्जा संकट, पेट्रोलियम पदार्थको उच्च मूल्यवृद्धि, विभिन्न देशले गरेका निर्यात कटौतीले विश्व अर्थतन्त्रलाई सङ्कुचनतर्फ धकेल्यो । आर्थिक सूचकहरु धर्मराए । एकपछि अर्को गर्दै विकसित प्रतिकूल घटनाक्रमले अर्थतन्त्रको समग्र परिदृश्य नै बदलियो । यसवर्ष व्यावसायिक जगत्मा पनि केही हलचल देखिए । इलन मस्कको ट्विटर खरिददेखि भारतीय व्यवसायी गौतम अडानीको व्यावसायिक उदयसम्मका विषय विशेष चर्चामा रहे ।



कोभिड महामारीको असरबाट विश्व अर्थतन्त्र तङ्गिन नपाउँदै रुस-युक्रेन युद्ध सुरु भयो । सङ्कटग्रस्त अर्थतन्त्रका पछाडि मुख्यत: यिनै दुई कारण प्रमुख रहे । युक्रेन युद्ध र कोभिड महामारीले विश्व अर्थतन्त्रमा अरू समस्या थपिँदै गएपछि विश्व अर्थतन्त्र पुरानो स्थितिमा फर्किन सकेको छैन । ठूला र मध्यम अर्थतन्त्र भएका मुलुकमा कोभिडविरुद्धको खोप कार्यक्रमको प्रभावकारिताले महामारी मत्थर हुने र २०२१ को तुलनामा २०२२ मा अर्थतन्त्रले सजिलै गति लिने अनुमान गरिएको थियो तर त्यसो हुन सकेन । आगामी वर्ष अर्थात् २०२३ मा परिस्थिति झन् खराब हुने अनुमान छ ।

### विश्व अर्थतन्त्रमा संकुचन

सन् २०२२ जनवरीमा विश्व बैंकले सार्वजनिक गरेको 'ग्लोबल इकोनोमिक प्रस्पेक्ट'ले यसवर्ष विश्व अर्थतन्त्रको वृद्धिदर ४.१ प्रतिशतमा खुम्चिने प्रक्षेपण गरेको थियो । यो वर्षको अन्त्यसम्म आइपुग्दा आर्थिक वृद्धिदर त्योभन्दा पनि कम देखिएको छ । अन्तर्राष्ट्रिय मुद्रा कोष (आइएमएफ) ले गत अक्टोबरमा सार्वजनिक गरेको 'वर्ल्ड इकनोमिक आउटलुक: काउन्टरिङ द कस्ट अफ लिभिङ क्राइसिस'ले २०२२ मा विश्व अर्थतन्त्र तीन दशमलव दुई प्रतिशतमा खुम्चने अनुमान गरेको छ । यो सूचक २०२३ मा झन् खस्केर २.७ प्रतिशतमा झर्ने अनुमान आइएमएफको छ ।

'प्रोजेक्ट सिन्डिकेट डटओआरजी'ले डिसेम्बर २ मा प्रकाशन गरेको 'द अन अभइडेबल क्र्यास' शीर्षकको 'रिपोर्ट'ले सन् २०२२ मा विश्व अर्थतन्त्रले पछिल्लो ५० वर्षयताकै खराब अवस्थाको सामना गर्नुपरेको उल्लेख गरेको छ । अहिले देखिएको जस्तो एकैपटक न्यून आर्थिक वृद्धिदर र उच्च मुद्रास्फीतिको स्थिति सन् १९७० को आर्थिक मन्दीयताकै पहिलो रहेको उक्त रिपोर्टमा उल्लेख छ । विश्वका तीन ठूला अर्थतन्त्र अमेरिका, चीन र युरोपेली सङ्घमा आबद्ध देश पनि यसबाट अछुतो रहेनन् । अर्थतन्त्रमा सङ्कुचन देखिएपछि उपभोक्ताको क्रयशक्ति घट्ने, क्रयशक्ति घट्दा माग घट्ने, र माग घट्दा मूल्य पनि घट्ने अर्थतन्त्रको खुला बजार सिद्धान्तभन्दा फरक परिदृश्य यस वर्ष देखिए । अर्थात् क्रयशक्ति र माग घट्दा पनि मूल्य बढिरह्यो ।

यस वर्ष मुलुकको अर्थतन्त्र पनि गम्भीर सङ्कटको अवस्थाबाट गुज्रियो । विदेशी मुद्रा सञ्चिति घट्दा भुक्तानी सन्तुलनमा चाप, उच्च व्यापार घाटा, तरलता सङ्कट र उच्च ब्याजदरलगायत समस्या अर्थतन्त्रमा देखिए । यिनै कारणले यस वर्ष देशको आर्थिक वृद्धिदर पनि लक्ष्यभन्दा न्यून रह्यो ।

### मुद्रास्फीतिदर चार दशकयताकै उच्च

विश्व अर्थतन्त्रमा सन् २०२२ मा पछिल्लो चार दशकयताको उच्च मुद्रास्फीति देखियो । यसका पछाडि धेरैवटा कारण जोडिन्छन् । युरोप, चीन र भारतजस्ता ठूलो अर्थतन्त्र भएका मुलुकलाई ऊर्जा संकटले गाँज्यो । रासायनिक मल अभाव र खाद्य आपूर्ति शृङ्खलामा गम्भीर असर उत्पन्न भयो । यस वर्ष विश्व मुद्रास्फीति दर आठ दशमलव आठ प्रतिशत कायम हुने आइएमएफको प्रक्षेपण छ । सन् २०२३ मा भने त्यो घटेर ६ दशमलव पाँच प्रतिशत कायम हुने अनुमान गरिएको छ ।

सन् २०२२ मा विश्व अर्थतन्त्रमा देखिएको सबैभन्दा ठूलो चुनौती पनि मूल्यवृद्धि नै हो । विश्वभर आपूर्ति शृङ्खलामा देखिएका विभिन्न असरले खाद्यवस्तुको मूल्य निकै बढायो । विश्व बैंकले यही डिसेम्बर दोस्रो साता सार्वजनिक गरेको 'फुड सेक्युरिटी अपडेट' प्रतिवेदनअनुसार केही देशले तुलनात्मक रुपमा चर्को मूल्यवृद्धि खेपेका छन् । दक्षिण एसियाली देश श्रीलङ्का पनि चर्को खाद्य मूद्रास्फीति भएका दश मुलुकको सूचीभित्र छ । आर्थिकरुपमा यो टापु देश टाट पल्टिँदा राष्ट्राध्यक्ष र सरकार प्रमुखले पदत्याग गर्नुपर्यो ।

'फुड सेक्युरिटी अपटेड' प्रतिवेदनअनुसार अहिले सबैभन्दा बढी खाद्य मुद्रास्फीति जिम्बावेमा छ । जिम्बावेको अवास्तविक खाद्य मुद्रास्फीति (नोमिनल फुड इन्फ्लेसन) तीन सय २१ प्रतिशतसम्म देखिएको छ । त्यस्तै, लेबनानमा दुई सय तीन प्रतिशत, भेनेजुयलामा एक सय २८ प्रतिशत, टर्कीमा एक सय दुई प्रतिशत र अर्जेन्टिनामा एक सय दुई प्रतिशत खाद्य मुद्रास्फीति रहेको छ । त्यस्तै, इरानमा ८४ प्रतिशत, श्रीलङ्कामा ७४ प्रतिशत रुवान्डामा ६५ प्रतिशत, सुरेनाममा ५१ प्रतिशत र हङ्गेरीमा ४४ प्रतिशत छ ।

दक्षिण एसियाली मुलुकमध्ये पाकिस्तानमा ३१ प्रतिशतसम्म खाद्य मुद्रास्फीति देखिएको छ । बङ्गलादेश र नेपालको खाद्य मुद्रास्फीति आठ दशमलव एक प्रतिशत बराबर छ । यस्तो वृद्धि भारतमा सात प्रतिशत छ । सन् २०२१ को डिसेम्बरमा नेपालको खाद्य मुद्रास्फीति पाँच दशमलव सात प्रतिशत थियो । नेपालमा धान खेती गर्ने बेलामा किसानले रासायनिक मल नपाउँदा त्यसको असर उत्पादनमा देखिएको पनि विश्व बैंकले आफ्नो प्रतिवेदनमा उल्लेख गरेको छ ।

खासगरी रुस-युक्रेन युद्धपछि विश्वभर खाद्य वस्तुको मूल्य बढिरहेको छ । विश्व बैंकको 'फुड सेक्युरिटी अपडेट'अनुसार न्यून आय भएका ८८ प्रतिशत, न्यून मध्यम आय भएका ९० प्रतिशत र उच्च मध्यम आय भएका ९३ प्रतिशत मुलुकमा पाँच प्रतिशतभन्दा बढी खाद्य मूल्यवृद्धि छ । सन् २०२१ को तुलनामा यस वर्ष विश्व बजारमा मकैको मूल्य २८, गहुँको मूल्य १८ र चामलको मूल्य ११ प्रतिशतले बढेको उक्त प्रतिवेदनमा उल्लेख छ ।

### युरोपमा ऊर्जा संकट

प्राकृतिक ग्यास आपूर्ति गर्ने पाइपलाइन रुसले बन्द गरिदिएपछि यस वर्ष युरोपले चरम ऊर्जा संकट खेप्यो । रुसले युरोपलाई नर्ड स्ट्रेम-१ प्राकृतिक ग्यास पाइपलाइनबाट गत जुनयता ७५ प्रतिशतमात्रै आपूर्ति गर्न थाल्यो । जर्मनी जोड्ने यो पाइपलाइन सेप्टेम्बरमा भने पूर्ण रुपमा बन्द भयो । फलत: जर्मनी, नर्वे, स्पेन, स्विजरल्यान्ड, डेनमार्क, फ्रान्स, इटाली, ग्रिसलगायत देशहरुले घरायसी प्रयोजनको विद्युत्समेत कटौती गर्नुपर्ने अवस्था आयो । युक्रेनसँगको युद्धका कारण पाइपलाइन लिक भएकाले बन्द गर्नुपरेको रुसले बताउँदै आएको छ । युरोपेली देशले रुसबाट प्राकृतिक ग्यास आपूर्ति गरी त्यसबाट बिजुली निकालेर प्रयोग गर्दै आएकामा अहिले त्यो प्रभावित भएको छ । युरोपेली देशले एकातिर विद्युत् कटौतीको नीति लिएका छन् भने अर्कोतर्फ त्यहाँ विद्युत्को मूल्य पनि १५ गुणासम्म बढेको छ । अन्तर्राष्ट्रिय बजारमा कोइलाको अभाव भएपछि चीन र भारतलगायत देश पनि ऊर्जा सङ्कटको चपेटामा परे । कोइलाबाट चल्ने थर्मल प्लान्ट सञ्चालन गरी विद्युत् आपूर्ति गर्ने भारत र चीनजस्ता देशले यो समस्या भोग्नुपर्यो ।

### दबाबमा केन्द्रीय बैंक

यस वर्ष मुलुकका वाणिज्य बैंकले ब्याजदर बढाएको भनेर व्यवसायीहरु आन्दोलनमा उत्रिए । यद्यपि चर्को ब्याजदर अहिले विश्वव्यापी समस्या हो । बिग्रँदो अर्थतन्त्रमा असर देखिन थालेपछि यस वर्ष सबैजसो देशका केन्द्रीय बैंक मौद्रिक उपकरणलाई कसरी कसिलो बनाउने भन्ने दबाबमा रहे । उक्लँदो मुद्रास्फीतिको 'ग्राफ'लाई वाञ्छित सीमाभित्र राख्नु केन्द्रीय बैंकहरूका लागि निकै सकसपूर्ण रह्यो । विश्वभर नै बैंक ब्याजदर बढ्यो जसले केन्द्रीय बैंकहरूलाई पनि चापमा पार्यो ।

फाइनान्सियल टाइम्सको 'द सेन्ट्रल ब्याङ्क हरर स्टोरी' शीर्षकको आलेखमा 'तरलता सङ्कट र बढ्दो मुद्रास्फीतिले केन्द्रीय बैंकहरूको व्यवस्थापकीय प्रतिष्ठामाथि नै प्रश्न उठेको' उल्लेख छ । वित्तीय क्षेत्रमा परेको प्रभावलाई मौद्रिक उपकरणबाट व्यवस्थापन गर्न केन्द्रीय बैंकहरूले कडा नीति चालेका भएपछि उनीहरू असफल भएका आलेखको आशय छ ।

### दुई दशकपछि एउटै विन्दुमा युरो र डलर

करिब २० वर्षपछि गत जुलाईमा अमेरिकी डलर र युरोको विनिमय दर समान हुन पुग्यो । पछिल्ला वर्षमा युरोको भाउ सधैं डलरभन्दा माथि हुने गरेको थियो । सन् २००२ डिसेम्बरपछि पहिलोपटक गत जुलाई १२ मा यी दुवै मुद्रा समान दरमा पुगे । कोभिड महामारी र रुस-युक्रेन युद्धको प्रभावका कारण डलरको भाउ बढ्ने र युरोको घट्नेक्रम निरन्तर रहेपछि यस्तो अवस्था आएको हो । ऊर्जा र खाद्यान्न सङ्कट तथा अन्तर्राष्ट्रिय व्यापारमा आएको गिरावटले युरोप थलिँदा युरो कमजोर भयो तुलनात्मक रुपमा अमेरिकी डलर शक्तिशाली बन्दै गयो । यद्यपि, अहिले अमेरिकी डलरभन्दा युरोको भाउ बढी नै छ ।

प्रकाशक: सीतादेवी श्रेष्ठ, कार्यालय: कमलपोखरी, काठमाडौं, फोन: ०१–५३२६३६६, ०१–५३२८२९८, ई-मेल: madhyanhadaily59@gmail.com, ad.madhyanha@gmail.com (विज्ञापन), मुद्रक: एक्सप्रेस कलर प्रेस, सम्पादक: मदनकुमार श्रेष्ठ